Teachers Wanted

We are looking for energetic, enthuiastic self motivated, experienced dedicated candidate for the following Posts:

S.N	Posts	Level	No.	Quali.
1.	Pre-Primary	------	1	+2 Passed Montessori Trained
2.	Science/Social/ L.C/Com	Low. Sec.	3	Min.Bachelor Running
3.	Population	Seccondary	1	Min.Bachelor Passed
4.	Extra Math	Low. Sec.	1	Min.Bachelor Running
5.	आया दिदी	------	१	साधारण लेखपढ

Apply Immediate Self Handwritten Application
The Base Camp for Quality Education
Sacred Heart Academy
सेकरिड् हार्ट एकेडेमी
sacredheartacademy73@ gmail.com
Ph: 01-6615772/9841432048

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.ह.का.द.नं. २/०७०/७१

मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

दर्ता नं: ३०२(१८२)०६४/६५
"आर्थिक स्वतन्त्रता र विकासका लागि सहकारीता"
सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि.
जगाती-७, भक्तपुर फोन नं. ०१-६६११२००

१९ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको **१९ औं वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा हुने व्यहोरा सम्बन्धित सबै शेयर सदस्यहरूको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै मङ्सिर ३ र ४ गते उपस्थिति भत्ता कार्यालय समय अवधिमा वितरण गरिनेछ ।

कार्यक्रम

मिति : २०८३ मङ्सिर ५ गते, शनिबार
समय : बिहान १०:०० बजे
स्थान : सिद्धि गणेश तालिम हल, खँचा-७, भक्तपुर

नोट : सम्पूर्ण शेयर सदस्यहरूको उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

★ वर्ष : २८ ★ अङ्क : २८२ ★ ने. सं. ११४६ कौला थ्व, सप्तमी ★ आइतबार ★ १५ कार्तिक, २०८३ ★ November 1, 2026, Sunday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

चिकपाले भ्रष्टाचारविरोधी प्रयासका साथ पार्टी स्वशासनलाई अगाडि बढाउँदै

पेइचिङ, अक्टोबर ३० (सिन्हुवा)। चिनियाँ कम्युनिस्ट पार्टी (चिकपा) पूर्ण र कठोर पार्टी स्वशासनलाई अगाडि बढाउने व्यापक प्रयासको रूपमा भ्रष्टाचारविरुद्धको लडाइँमा दृढ रहेको पार्टीका अधिकारीहरूले बताएका छन्।

बिहीबार सम्पन्न भएको पूर्ण बैठकमा चिकपा केन्द्रीय समितिले भ्रष्टाचारविरुद्ध कठोर अडान कायम राख्ने र शक्तिको प्रयोगमाथि नियन्त्रण र निगरानीलाई सुदृढ गर्ने आवश्यकतामा जोड दिँदै पूर्ण र कठोर पार्टी स्वशासनका साथ अडिग रहने प्रस्ताव पारित गरेको छ।

चिकपाको २० औँ केन्द्रीय समितिको पाँचौँ पूर्ण सत्रले भ्रष्टाचारलाई बेवास्ता गर्न सांस्कृतिक-नैतिक आधारहरू सुदृढ गर्न र अधिकारीहरूमा दुस्साहस, अवसर वा भ्रष्टाचार गर्ने इच्छा नहोस् भनी सुनिश्चित गर्न समन्वयात्मक प्रयासहरू बढाउन आह्वान गरेको छ।

"भ्रष्टाचारविरुद्धको लडाइँ एउटा गम्भीर र जटिल चुनौती बनेको छ। भ्रष्टाचारलाई जन्म दिने अवस्था र उर्वरभूमिलाई हटाउन धेरै काम गर्न बाँकी छ," भ्रष्टाचारविरोधी वरिष्ठ अधिकारी झाङ फुहाईले शुक्रबार चिकपा केन्द्रीय समितिले आयोजना गरेको पत्रकार सम्मेलनमा भन्नुभयो।

सन् २०१२ देखि देशभरि अनुशासन निरीक्षण र पर्यवेक्षक निकायहरूले ८.१० करोड ५० लाख मुद्दा दायर गरेका छन् र चिकपा केन्द्रीय समितिमा दर्ता भएका र पर्यवेक्षण गरेका ९६३ अधिकारीहरूसहित ७.९२ करोड मानिसलाई सजाय दिएका छन्, चिकपा केन्द्रीय अनुशासन निरीक्षण आयोगका उपसचिव तथा राष्ट्रिय पर्यवेक्षण आयोगका उपप्रमुख झाङले भन्नुभयो।

चीनले विगतका वर्षहरूमा अभूतपूर्व भ्रष्टाचारविरोधी अभियान सुरु गरेको छ जुन पार्टी र सरकारको हरेक तहमा पुगेको छ, उच्च श्रेणीका 'बाघ' र तल्लो तहका 'झिङ्गाहरू' दुवैलाई जालमा पारेको छ।

राजनीतिक ब्युरो र यसको स्थायी समितिका पूर्वसदस्यहरू, वरिष्ठ सैन्य अधिकारीहरू र वर्षौंअघि आफ्नो प्रमुख पदहरू छाडेका सेवानिवृत्तहरूसहित - केही उच्च अधिकारीहरूलाई न्यायको कठघरामा ल्याइयो।

अभियान निरन्तर जारी छ। २०२५ मा मात्रै मन्त्रीस्तरीय वा सोभन्दा माथिका ११५ जना अधिकारीलाई अनुसन्धानको दायरामा राखिएको थियो भने ६ लाख २७ हजार व्यक्तिलाई जनताको तत्काल हितमा असर गर्ने दुर्व्यवहार र भ्रष्टाचारका मुद्दामा कारबाही गरिएको थियो। सोही वर्ष चीनले पनि सीमापार भ्रष्टाचारका ५०० भन्दा बढी मुद्दाहरूमा अनुसन्धान गऱ्यो।

यस हप्ताको पार्टी पूर्ण बैठकमा पार्टीले भ्रष्टाचारविरोधी विशिष्ट चिनियाँ मार्गलाई दृढताका साथ पछ्याउन र भ्रष्टाचारविरोधी कार्यमा पार्टी केन्द्रीय समितिको केन्द्रीकृत, एकीकृत नेतृत्वलाई बलियो बनाउनुपर्ने कुरा उल्लेख गरिएको थियो।

"हामीले भ्रष्टाचारका लक्षण र मूल कारणहरू दुवैलाई सम्बोधन गर्न व्यवस्थित कदम चाल्नुपर्छ र यस लडाइँलाई अन्त्यसम्म पुऱ्याउँदै कडा सजाय, लक्षित उपचार र प्रभावकारी रोकथामको संयोजन गर्ने समग्र दृष्टिकोण अपनाउनुपर्छ", पूर्ण सत्रपछि जारी गरिएको विज्ञप्तिमा भनिएको छ।

बाँकी पृष्ठ ८ मा

चीनको लु सुन सांस्कृतिक प्रतिष्ठानका प्रतिनिधिमण्डल भक्तपुर नगरपालिकामा

भक्तपुर, १४ कार्तिक। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग लु सुन सांस्कृतिक प्रतिष्ठानका महासचिव चउ लिङफेईको नेतृत्वमा आएको १७ सदस्यीय चिनियाँ प्रतिनिधिमण्डलले शनिबार नगरपालिकाको सभाकक्षमा भेट गऱ्यो। नगर प्रमुख प्रजापतिले प्रतिनिधिमण्डललाई सांस्कृतिक नगर भक्तपुरमा स्वागत गर्नुभयो।

चीनका प्रसिद्ध लेखक एवम् साहित्यकार लु सुनको नाउँमा स्थापित लु सुन कल्चर एकेडेमीका प्रतिनिधिमण्डललाई स्वागत गर्न पाउँदा खुसी व्यक्त गर्दै नगर प्रमुख प्रजापतिले लु सुन चीनको मात्र नभई संसारका काम गरी खाने वर्गको पक्षमा साहित्य कोर्ने एक क्रान्तिकारी साहित्यकार भएको बताउनुभयो। उहाँले यसप्रकारको भ्रमणले दुई देशबिचको सम्बन्ध थप प्रगाढ बढ्दै जाने विश्वास व्यक्त गर्नुभयो।

चिनियाँ साहित्यकार लु सुनले चिनियाँ समाजलाई कुरीति, अन्धविश्वासबाट मुक्त पार्न र जनतामा राजनीतिक चेतनास्तर उठाई समाजवादी क्रान्तिको वातावरण तयार गर्न अतुलनीय योगदान गरेको स्मरण गर्दै लु सुनका साहित्यको नेपालीमा अनुवादले नेपाली पाठकहरू पनि लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो।

उहाँले सांस्कृतिक नगर भक्तपुरको सङ्क्षिप्त परिचय सुनाउँदै नेपालका वरिष्ठ वामपन्थी नेता नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुरको भविष्यको रुपरेखा कोर्दै लेख्नुभएको 'सय वर्षपछिको भक्तपुर' पुस्तकलाई मार्गनिर्देशनको रूपमा लिएर भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, पर्यटनलगायत विभिन्न विकास निर्माणका कार्यहरू गर्दै आएको बताउनुभयो।

हरिबहादुर श्रेष्ठको नाउँले



परिचित उहाँ राजनेताको साथै एक प्रतिष्ठित प्रगतिशील लेखक र साहित्यकार पनि हुनुहुन्छ भन्दै प्रमुख प्रजापतिले नेपाली जनताको राजनीतिक चेतनास्तर उठाउन अध्यक्ष रोहितले थुप्रै प्रगतिशील साहित्य र राजनीतिक पुस्तकहरू लेख्नुभएको बताउनुभयो।

भक्तपुरको शिक्षा, स्वास्थ्य, पर्यटनलगायतका गतिविधिबारे प्रस्ट पार्दै उहाँले भक्तपुरमा वार्षिक ३६ हजारभन्दा बढी चिनियाँहरूले भक्तपुर भ्रमण गरेको तथ्याङ्क प्रस्तुत गर्दै नेपाल भ्रमणमा आउने चिनियाँ नेताहरू, सरकारका विभिन्न तहका उच्च पदाधिकारीहरूले भक्तपुरलाई प्राथमिकता दिएर बरोबर भक्तपुर भ्रमण गर्नुभएको स्मरण गर्नुभयो।

भक्तपुर नगरपालिका र चीनको सि च्याङ प्रान्तको सान्नान नगरपालिकाबिच भगिनी सम्बन्ध र स्छुवान प्रान्तको लसान नगरपालिकासँग भगिनी सम्बन्ध बनाउन समझदारी पत्रमा हस्ताक्षर भइसकेको अवगत गराउँदै उहाँले चीनको उच्चस्तरीय नेताहरूको भ्रमण, भक्तपुर नगरपालिका र चीनका सान्नान नगर तथा लसान नगरपालिकाबिचको सम्बन्ध, सहयोग र सहकार्यसम्बन्धी सबै विवरणहरूको सँगालो 'चिनियाँ मित्रहरू भक्तपुरमा' पुस्तक नेपालीमा प्रकाशित गरेको विषय अवगत गराउनुभयो।

नेपाल सधैँ एक चीन नीतिको पक्षमा रहेको स्पष्ट पार्दै प्रमुख प्रजापतिले चीनले गरिरहेको तीव्र आर्थिक विकासले चिनियाँ विशेषतासहितको समाजवादको निर्माण चीनमा सफलतापूर्वक अगाडि बढिरहेको बताउनुभयो। उहाँले चीनले गरेको भौतिक विकास र आर्थिक प्रगति देखेर विश्वका जनता आश्चर्यमा परेको बताउँदै छिमेकी देश चीनले गरेको विकास र समृद्धिबाट नेपाल र नेपालीलाई पनि फाइदा पुग्ने अपेक्षा व्यक्त गर्नुभयो।

लु सुन एकेडेमीसँग भक्तपुरका साहित्यिक संस्थाहरूले सम्बन्ध बढाउन पाए राम्रो हुने आशा व्यक्त गर्दै लु सुनको जन्मजयन्ती मनाउने क्रममा पञ्चायती शासनकालमा प्रहरी हस्तक्षेप भएको तितो अनुभव सुनाउनुभयो।

लु सुन सांस्कृतिक प्रतिष्ठानका महासचिव चउ लिङफेइले सन् २०१५ मा आफूले नेपाल भ्रमण गरेको स्मरण गर्दै लु सुन सांस्कृतिक प्रतिष्ठान स्थापना भएको १५ वर्ष भइसकेको जानकारी दिनुभयो।

प्रतिष्ठानको मुख्य उद्देश्य साहित्यका माध्यमबाट दुई देशबिचको सम्बन्धलाई अझ सुदृढ बनाउनु रहेको बताउँदै उहाँले लु सुन चिनियाँ आधुनिक साहित्यका शिखर व्यक्तित्व भएको उल्लेख गर्नुभयो।

लु सुनको जन्मको १४० औँ वार्षिकोत्सवका अवसरमा चीनमा विभिन्न

बाँकी पृष्ठ ८ मा

कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - १६०

निजी क्षेत्र :

२०८२ भदौ २३ र २४ गते आन्दोलनको क्रममा देशका औद्योगिक घराना, उद्योग र निजी व्यापारिक प्रतिष्ठानहरूमा उच्छृङ्खल समूहबाट भएको नियोजित घटनाबाट देशले निकै धेरै आर्थिक स्रोत त गुमायो नै निजी क्षेत्रको लगानी आकर्षण र मनोबल पनि तहसनहस बनायो। अर्कोतर्फ राजनैतिक संरक्षणमा कालोबजारी गर्नुका साथै व्यक्ति र अमूक समूह अनुकूलका कानुन र नीति निर्माणमा राजनैतिक नेतृत्वसँग मिलेमतो गरेको आरोप निजी क्षेत्रमाथि लाग्ने गरेको छ ।

निजी क्षेत्रमा देखिएका समस्याहरू :

निजी क्षेत्रले आफू अनुकूल कानुन बनाउन सांसद, मन्त्री साथै कर्मचारीतन्त्रसँग साँठगाँठ गर्ने गरेको देखिन्छ। पैसा खर्च गरेर राजनीतिक दलको सदस्यता लिने, सांसद्, मन्त्री बन्ने र स्वार्थ बाझिएका कानुन निर्माण गर्न उद्यत भएको देखिन्छ। यसले प्रभावकारी र व्यावसायिक निजी क्षेत्रमाथि प्रश्न उठिरहेको छ। निजी क्षेत्रले सामाजिक उत्तरदायित्व बहन गर्न नसकेको कारण व्यवसायप्रति नकारात्मक दृष्टिकोण बढिरहेको छ।

निरन्तरको मूल्यवृद्धि, अप्रतिस्पर्धात्मक बजार, एकाधिकार, कालोबजारी र मिलेमतोजस्ता अप्राकृतिक विषयहरू हुनुमा निजी क्षेत्रको संस्थागत सुशासन अप्रभावकारी देखियो।

निजी क्षेत्रका लागि लगानीमैत्री वातावरण नहुनु, लगानी सुरक्षा साथै व्यवसायीहरूमाथिको सुरक्षा राज्यद्वारा प्रत्याभूति गर्न नसक्नु पनि निजी क्षेत्रको विकासमा देखिएको समस्या हो।

जटिल अर्थतन्त्रको प्रभाव निजी क्षेत्रमाथि छ। स्टार्ट अप, नवजागरण, नवउद्यमी र नवप्रवर्तनलाई निजी क्षेत्र आफैले स्थान नदिनु साथै राज्यबाट प्रोत्साहन नगर्दा व्यापारिक औद्योगिक नवविचार पलायन हुने अवस्था छ।

औद्योगिक श्रमको सहसम्बन्ध प्रभावकारी नहुँदा अपेक्षित रूपमा उत्पादन उत्पादकत्व अभिवृद्धि हुन सकिरहेको छैन ।

बैङ्किङ क्षेत्र :

विभिन्न आन्तरिक तथा बाह्य उतारचढावका बिच नेपालको बैङ्किङ क्षेत्र फड्को मार्दै दक्षिण एसियामा राम्रो स्थानमा रहेको छ। पछिल्ला २/३ वर्षमा डिजिटल बैङ्किङले ठुलो फड्को मारेको छ। हाल प्रतिमहिना करिब रु. ११०

बाँकी पृष्ठ ३ मा

अतिक्रमण र विस्तारवादी नीतिको विरोध

काठमाडौँ, १४ कार्तिक। हरेक सरकार र सत्तासीन दलका नेता, मन्त्री र सांसदहरू देशभक्त हुनुपर्छ। उनीहरू देश र जनताप्रति समर्पित हुनुपर्छ। देशप्रति चासो नराख्ने र चिन्ता नलिने दल र सरकारहरूले देशलाई समृद्ध बनाउँदैनन्। देशभक्त सरकारले त छिमेकी या अरु देशसँग भएका असमान सन्धि सम्झौता खारेज गर्न या सुधार्न लागिपरेको हुन्छ। देशको मिचिएको नेपाली भूमि फिर्ता लिन र फेरि मिच्न नदिन कूटनीतिक प्रयासहरू निरन्तर गरिरहेको हुन्छ। कालापानी नेपालको भूमि हो भन्ने कुरा नेपाल सरकारलाई मात्र होइन भारतीय सरकारलाई पनि थाहा छ। भारत सरकार कालापानीमा रहेको भारतीय सेना फर्काउन किन चाहँदैन र नेपाल सरकार भारतीय सेना फिर्ता लैजान भारतलाई किन दबाब दिँदैन या कूटनीतिक पहल गर्दैन ? भारतले सुस्ता मिचेकै हो। तर, पनि विगतको सरकार मात्र होइन अहिलेको युवा पुस्ताको सरकारले पनि भारतले मिचेको सुस्ता फिर्ता लिन भारत सरकारसमक्ष चुइँक्क बोल्दैन। आफ्नो भूमि आफ्नो भन्न नेपाल सरकार र सत्तासीन दलका नेताहरू भारतसामु बोल्न किन डराउँछन् ? या बोल्न नसक्नुको कारण के हो ?

भारतीय शासकहरूले नेपालमाथि गरिरहेको थिचोमिचो, दबाब र अतिक्रमणको आधारमा कति राजनीतिक विश्लेषकहरूले भारत नेपालको छिमेकी देश हो तर मित्र देश भन्न लायक छैन भनी टिप्पणी गरे। भारतीय शासकहरूकै दबाब र थिचोमिचोले नेपालको विभिन्न स्थानमा धेरै जग्गा मिचिसकेको छ। यसबारे पनि वर्तमान सरकार र सत्तारुढ दलले चुइँक्क बोलेका छैनन्। बन्द भएका उद्योगहरू खोल्नेतर्फ सरकारको खासै ध्यान पुगेको छैन। भारतका ठुलठुला व्यापारी र उद्योगीहरू गत भदौ २३ र २४ गते नेपालमा तोडफोड र आगजनी भएकोमा खुसी भएको विश्लेषण पनि छ। डेस्क-बेञ्च, दराजजस्ता फर्निचर, मोटरसाइकल, गाडी, विद्युत्का सामानहरू क्षति भएपछि भारतीय व्यापारीहरूको व्यापार मालामाल हुने भएकोले भारतीय व्यापारीहरू खुसी भएको कुरा व्यापारी व्यापारीबिच चर्चा भएको थियो। नेपालका उद्योगहरू बन्द भएपछि आवश्यक सामान भारतबाट आयात हुन्छ। नेपाली मुद्रा बिदेसिन्छ र देश कहिले पनि आत्मनिर्भर हुँदैन। अर्थ

बाँकी पृष्ठ ८ मा



वर्षाले ढालेको धानबाली

काभ्रेपलाञ्चोकको धुलिखेल नगरपालिका-१२, शङ्खुमा निरन्तर वर्षाका कारण खेतमै ढलेको धानबाली । धानबाली पाकेर भित्र्याउने तयारीमा रहेकोमा प्रतिकूल मौसमका कारण किसानलाई धान भित्र्याउन समस्या भएको छ । *तस्बिर : सनम सुवाल/रासस*

नियमन होइन प्रवर्द्धन र स्वायत्तता सहकारीको मूल मर्म

भक्तपुर , १४ कार्तिक । केदार नाथ बचत तथा ऋण सहकारी संस्था लि. को १४ औँ साधारणसभा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिका ७ नं वडाध्यक्ष उकेश कवांको प्रमुख आतिथ्यमा थापा पार्टी प्यालेस सूर्यविनायकमा शनिबार सम्पन्न भयो ।

अतिथि उकेश कवांले सुशासनको निम्ति आएको सरकारले तिहार चाडपर्व मनाउने तिथि मिति विवादित बनाएको बताउँदै भनपाबाट सरोकारवालाहरूको बैठक राखी कार्तिक २२, २३ र २४ गते गर्ने निर्णय गरेको बताउनुभयो ।

उहाँले नेपाल संवत् मान्न नलगाउने षड्यन्त्र भएको आशङ्का व्यक्त गर्दै पृथ्वीमा तापक्रम वृद्धिसँगै हिमालमा परेको असरले हाइड्रोपावरमा लगानी अनिश्चित हुने र अर्थतन्त्रमा प्रभाव पर्ने बताउनुभयो ।

उहाँले नाफाको निम्ति पुँजीवादी व्यवस्थामा जे पनि गर्ने बताउँदै अमेरिकाले भेनेजुयलाका राष्ट्रपति अपहरण गरेको बताउँदै युध्दको पक्षपोषण गर्ने अनि तेल अभावको कुरा उठाउने दोहोरो चरित्र हो भन्नुभयो । उहाँले नेपाली जनताको थाप्लोमा ३० खर्ब ऋण पुगिसकेको बताउँदै सरकारले नागरिकमाथि कर थोपर्ने र ५ वर्षमा ६० खर्ब ऋण पुग्ने अनुमान गर्नुभयो ।

उहाँले सहकारीको सहयोगले अक्सिजन फ्रि वितरण गरिरहेको बताउँदै स्वास्थ्यलाई राम्रो बनाउन वडा वडामा स्वास्थ्य केन्द्र खोल्ने कार्य भएको उल्लेख गर्नुभयो । नाफामा भन्दा समुदायमा आधारित सहकारीमा राज्यको एक पैसा पनि लगानी नभएकोले यसलाई बचाउने दायित्व हामी सबैको हो भन्नुभयो ।

जिल्ला बचत तथा ऋण सहकारी सङ्घका उपाध्यक्ष जगन्नाथ प्रजापतिले साधारणसभामा शेयर सदस्यहरू सबै सम्मानित जेष्ठ सदस्य, असल बचत र असल ऋणी, शैक्षिक क्षेत्रबाट सम्मानितहरूलाई बधाई दिँदै साधारणसभाको पूर्ण सफलताको कामना गर्नुभयो । उहाँले सहकारी संस्था सञ्चालक समितिको मात्र होइन, यो सम्पूर्ण सदस्यहरूको साझा संस्था हो; यसको संरक्षण गर्ने जिम्मेवारी सञ्चालक, कर्मचारी र सदस्यहरू सबैको हो भन्नुभयो ।



उहाँले सहकारीको वास्तविक पुँजी पैसा मात्र होइन; सदस्यहरूको विश्वास पनि हो; विश्वास जोगाउन पारदर्शिता, आर्थिक अनुशासन र सुशासन अनिवार्य भएको बताउनुभयो ।

कार्यक्रममा जिल्ला सहकारी सङ्घका सुलोचना दुवालले बचत सुरक्षित र आपसी सहयोगी हुनुपर्ने बताउनुभयो ।

सल्लाहकार एवं मोडर्न मार्विका संस्थापक बाबुकाजी कसपालले कुशल नेतृत्व र इमानदार कार्यशैली आजको आवश्यकता हो भन्नुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै व्यवस्थापक दयाराम तजलेले ७५९ बाल बचत समेत गरी ४ हजारभन्दा बढी सदस्य बनाउन सफल भई ५७ करोड रकमको कारोबार भएको बताउनुभयो ।

कार्यक्रमका संस्थाका अध्यक्ष राजभाइ तजलेको सभापतित्वमा सम्पन्न कार्यक्रममा आर्थिक प्रतिवेदन कोषाध्यक्ष साजन कसपालले प्रस्तुत गर्नुभयो भने उद्घोषण ऋषि श्रेष्ठले गर्नुभएको थियो ।

ताथलीमा २४ गते भिन्तुना च्याली

भक्तपुर, १४ कार्तिक । नेपाल संवत्को नयाँ वर्षलाई स्वागत गर्दै मौलिक संस्कृति, परम्परा र सामाजिक एकताको सन्देश प्रवाह गर्ने उद्देश्यले भक्तपुरको ताथलीमा विगत एक दशकदेखि निरन्तर न्हुँदया भिन्तुना च्याली आयोजना हुँदै आएको छ । यस वर्ष नेपाल संवत् ११४७ को स्वागतमा प्रगति युवा समाज, ताथलीले च्याली आयोजना गर्ने भएको छ ।

समाजको आयोजनामा कार्तिक २४ गते मङ्गलबार बिहान ७ बजे च्याली सञ्चालन हुनेछ । म्हपूजा तथा गोवर्धन पूजाको दिन आयोजना हुने च्यालीमा सहभागी भई नयाँ वर्षको स्वागत गर्न समाजले स्थानीय बासिन्दा, संस्कृतिप्रेमी तथा सम्पूर्ण शुभेच्छुकलाई निमन्त्रणा गरेको छ ।

चाँगुनारायण नगरपालिका-९, ताथलीमा आयोजना हुने उक्त च्याली बनमाला टोलस्थित गणेश मन्दिरबाट सुरु हुने बताइएको छ । सो च्याली खर्क पुल, गोठाले चौर, पण्डित पँधेरो हुँदै फैढोका राममन्दिर पुगेर समापन हुने कार्यक्रम रहेको छ ।

नयाँ वर्षको अवसरमा निकालिने न्हुँदया भिन्तुना च्यालीले आपसी सद्भाव, सामाजिक एकता र सांस्कृतिक चेतना अभिवृद्धि गर्न योगदान पुऱ्याउँदै छ । यस्ता सांस्कृतिक गतिविधिले नयाँ पुस्तालाई आफ्नो भाषा, संस्कृति, परम्परा र ऐतिहासिक पहिचानसँग जोड्नसमेत सहयोग पुऱ्याउँदै आएको आयोजकको भनाइ छ ।

२०६८ सालमा स्थापित प्रगति युवा समाजले सामाजिक तथा सांस्कृतिक गतिविधिमार्फत स्थानीय समुदायमा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ । समाजले नेपाल संवत्को नयाँ वर्षको अवसरमा आयोजना गर्दै आएको च्यालीलाई यस वर्ष पनि निरन्तरता दिन लागेको हो ।

समाजले न्हुँदया भिन्तुना च्यालीमा सहभागी भई नेपाल संवत् ११४७ को स्वागत गर्न सबैलाई आग्रह गरेको छ । यस वर्षको उक्त च्याली सफल बनाउन समाजले विभिन्न उपसमिति गठन गरी तयारी गरेको छ ।

भक्तपुर बारको ३४ औँ साधारणसभा सम्पन्न

भक्तपुर, १४ कार्तिक । नेपाल बार एसोसिएसन भक्तपुर जिल्ला अदालत बार एकाइको ३४ औँ वार्षिक साधारणसभा शुक्रबार भक्तपुर जिल्ला अदालतको सभाहलमा सम्पन्न भयो ।

नेपाल बार एसोसिएसनका केन्द्रीय अध्यक्ष वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्रबाट उद्घाटन भएको उक्त कार्यक्रममा उहाँले न्यायाधीशहरूलाई कानुनबमोजिम कार्य गर्न बार एसोसिएसनबाट निरन्तर दबाब दिनुपर्ने बताउनुभयो । उहाँले न्यायालयमा पारदर्शिता कायम राख्न शुद्धीकरणको प्रयासलाई निरन्तरता गर्नुपर्नेमा जोड दिनुभयो । साथै राम्रा न्यायाधीशको संरक्षण गर्नुपर्ने बताउँदै न्यायाधीशको बदनाम गर्न कालो कोटमा पैसा उठाई हिँडेको प्रसङ्ग बताउनुभयो ।

भक्तपुर जिल्ला अदालतका प्रमुख न्यायाधीश नवराज दाहालले घरभित्रको फोहोरलाई यत्रतत्र छर्न नदिई निकाल्नुपर्ने अन्यथा सबैलाई नोक्सान हुने स्पष्ट पार्नुभयो । कर्मले भन्दा अनावश्यक प्रचारबाजीले कानुन व्यवसायीको सिकार भइरहेकोप्रति खेद व्यक्त गर्दै उहाँले भ्रष्टाचार गर्ने न्यायाधीश भए त्यसलाई मात्र कारबाही गर्नुपर्ने बताउनुभयो ।

नेपाल कानुन आयोगका पूर्वअध्यक्ष बाबुराजा जोशीले जिल्ला न्यायाधीशहरू निर्भिक हुनुपर्नेमा जोड दिँदै देशी विदेशी शक्तिबाट नेपालको न्यायपालिका बिकेको खण्डमा देश सकिने स्पष्ट पार्नुभयो ।

भक्तपुर बारका अध्यक्ष रामसुन्दर खाइतुको सभापतित्वमा भएको उक्त कार्यक्रममा न्यायाधीश, वरिष्ठ अधिवक्ता, अधिवक्तालगायतबाट सफलताको शुभकामना दिएको थियो ।

विकास साकोसको १९ औँ वार्षिक साधारणसभा

भक्तपुर, १४ कार्तिक । विकास बचत तथा ऋण सहकारी संस्थाको १९ औँ वार्षिक साधारण सभा संस्थाका ज्येष्ठ सदस्य ९४ वर्षीय शेरबहादुर गोसाईको प्रमुख आतिथ्यमा शनिबार सम्पन्न भयो ।

सभामा संस्थाका सल्लाहकार न्हुछेभक्त कवांले संस्थाले सदस्यहरूको आर्थिक विषयमा मात्र ध्यान नदिई समग्र क्षेत्रमा ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले सदस्यहरूले संस्थाबारे समय समयमा जानकारी लिइरहे सञ्चालकहरू सचेत हुने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा संस्थाका अर्का सल्लाहकार पुरुषोत्तम ग्वाछाले संस्थाले सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न कार्यहरू गरिरहेको जानकारी गराउँदै संस्थाको मूल्याङ्कन सदस्य सङ्ख्या र शेयर पुँजीको मात्र नभई संस्थाले गर्ने विभिन्न क्रियाकलापहरूलाई आधार बनाई गर्नुपर्ने बताउनुभयो ।

उहाँले सदस्यहरूलाई सीप विकासका कार्यक्रमहरू सञ्चालन गरी रोजगारीमूलक लगानी बढाउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

संस्थाका पूर्वअध्यक्ष बुद्धिराम दुवालले सानो लगानीबाट सुरु भएको संस्था आजसम्ममा ल्याइपुऱ्याउने सम्पूर्णमा धन्यवाद व्यक्त गर्नुभयो ।

संस्थाका अध्यक्ष सानुबहादुर गोसाईको सभापतित्वमा भएको कार्यक्रममा संस्थाका सचिव सत्यनारायण त्यात, कोषाध्यक्ष रामकृष्ण किसी र लेखा सुपरीवेक्षण समितिका सदस्य किरण गोसाईले प्रस्तुत गर्नुभएको प्रतिवेदन सभाले पारित गरेको थियो ।

सञ्चालक समिति सदस्य उत्तम त्यातले स्वागत गर्नुभएको सो कार्यक्रममा अध्यक्ष रोशनराज तुइतुईले पनि आफ्नो विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा संस्थाका ९ जना ज्येष्ठ सदस्य र सदस्य परिवारका एसईई उत्तीर्ण विद्यार्थीलाई सम्मान गरिएको थियो ।

व्यक्तिगत घटना दर्ता प्रणालीबाट मतदाता नामावली अद्यावधिक गरिने

काठमाडौँ, १४ कार्तिक । निर्वाचन आयोगले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट विवरण लिएर मतदाता नामावली अद्यावधिक तथा विवरण प्रमाणीकरण गर्ने भएको छ ।

निर्वाचन आयोग र विभागबिच व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीमा रहेका विवरण उपयोग गरी मतदाता नामावली अद्यावधिक गर्ने समझदारीअनुरुप सो कार्य अघि बढ्ने भएको हो ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार समझदारीअनुसार विभागले आफ्नो प्रणालीमा रहेका व्यक्तिगत घटना दर्तासम्बन्धी विवरण सुरक्षित प्राविधिक माध्यमबाट आयोगलाई उपलब्ध गराउनेछ ।

मतदाता नामावली अद्यावधिक प्रक्रियालाई थप सहज, व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले दुई निकायबीच यही कार्तिक १२ गते समझदारीपत्रमा हस्ताक्षर भएको थियो ।

विवरणको सुरक्षित आदानप्रदान तथा उपयोगका लागि आवश्यक प्राविधिक प्रणाली विकास, तथ्याङ्कको सुरक्षा र गोपनीयता कायम गर्ने व्यवस्था मिलाइने समझदारीपत्रमा उल्लेख छ ।

साथै, समझदारी कार्यान्वयनका क्रममा उत्पन्न हुने प्राविधिक विषय समाधान गर्न दुवैपक्षका प्रतिनिधि सम्मिलित संयुक्त प्राविधिक कार्यसमूह गठन गरिनेछ ।

यस सहकार्यबाट व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीमा रहेका विवरणको उपयोगमार्फत मतदाता नामावली अद्यावधिक तथा प्रमाणीकरण कार्य थप व्यवस्थित, विश्वसनीय र प्रभावकारी बन्ने अपेक्षा गरिएको छ । रासस

बीपी राजमार्ग अवरुद्ध

काभ्रेपलाञ्चोक, १४ कार्तिक । रोशी गाउँपालिका-९ पिन्थलीमा पहिरो खसेपछि बिपी राजमार्ग अवरुद्ध भएको छ । जिल्ला प्रहरी कार्यालयले रोशी गाउँपालिका-८ गिम्दीबँसीमा पनि पहिरो खसेको जनाउँदै उक्त राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएको बताएको छ ।

वर्षा जारी रहेकाले तत्काल बाटो खोल्न सहज नहुने उक्त कार्यालयका सूचना अधिकारी रविन विष्टले राससलाई बताउनुभयो । राजमार्गको अवस्था बुझेर मात्र यात्रा गर्न उहाँले सर्वसाधारणमा अनुरोध गर्नुभएको छ । रासस

यमपञ्चक (स्वन्ति नखः) धार्मिक, सांस्कृतिक तथा तिथिगत मान्यता

● डा.वीरेन्द्रप्रसाद कायस्थ, वास्तुविद्, ज्योतिषाचार्य

यमपञ्चक नेपाली समाजमा विशेष धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्त्व बोकेको पर्व हो । यसलाई तिहार वा दीपावलीका नामले पनि चिनिन्छ । 'तिहार' शब्दको व्युत्पत्तिसम्बन्धी प्रचलित धारणाअनुसार यो हिन्दी भाषाको 'त्योहार' शब्दबाट रूपान्तरित भएको मानिन्छ । 'दीपावली' शब्दले दीपहरूको पङ्क्ति वा समूहलाई जनाउँछ, जसले यस पर्वमा दीप प्रज्वलन गर्ने परम्परालाई सङ्केत गर्दछ ।

नेपालभाषामा यस पर्वलाई 'स्वन्ति नखः' भनिन्छ । यस नामको व्याख्या नेपालभाषाका तिथि तथा पर्वसम्बन्धी परम्परासँग जोडिएको छ । प्रचलित व्याख्याअनुसार 'स्वन्ति' शब्दले लगातार आउने तीनवटा महत्त्वपूर्ण तिथिमा मनाइने पर्वलाई सङ्केत गर्दछ । विशेषत: लक्ष्मीपूजा, म्हपूजा र किजापूजालाई क्रमश: तीन दिनसम्म मनाउने परम्परा स्वन्ति नख:को विशिष्ट सांस्कृतिक पक्ष हो । यस परम्पराले नेपालभाषी समुदायको मौलिक धार्मिक विश्वास, सांस्कृतिक पहिचान र सामुदायिक जीवनपद्धतिलाई प्रतिबिम्बित गर्दछ ।

यमपञ्चकको प्रचलित धार्मिक मान्यताअनुसार कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्मका पाँच दिनलाई यस पर्वको अवधिका रूपमा लिइन्छ । यस अवधिमा काग पूजा, कुकुर पूजा, लक्ष्मी पूजा, म्हपूजा, गोवर्धन पूजा तथा भाइटीकाजस्ता विभिन्न धार्मिक र सांस्कृतिक अनुष्ठान सम्पन्न गरिन्छन् ।

धार्मिक आख्यानअनुसार यमराजले आफ्ना दैनिक कार्य स्थगित गरी बहिनी यमुनाको घरमा अतिथिका रूपमा बसेर भाइटीका ग्रहण गरेको प्रसङ्गसँग यस पर्वको सम्बन्ध जोडिएको छ । यसै मान्यताका आधारमा यमपञ्चक नामकरण भएको विश्वास गरिन्छ । यस पर्वले पारिवारिक सम्बन्ध, पारस्परिक सद्भाव, समृद्धि, दीर्घायु तथा सामाजिक एकताको सन्देश प्रवाह गर्दछ ।

हिन्दू धार्मिक परम्परामा चन्द्रमासमा आधारित पञ्चाङ्गअनुसार पर्वहरूको तिथि निर्धारण गरिन्छ । प्रचलित सांस्कृतिक मान्यताअनुसार पञ्चाङ्गमा तिथिको क्षय वा वृद्धिका कारण पर्वहरूको दिन निर्धारणमा परिवर्तन भए पनि स्वन्ति नख:का यी तीन प्रमुख अनुष्ठानलाई क्रमबद्ध रूपमा सम्पन्न गर्ने परम्परा कायम राखिन्छ । यस परम्पराअनुसार लक्ष्मी पूजाको दिन म्हपूजा र म्हपूजाको दिन किजापूजा गर्न नमिल्ने धार्मिक मान्यता रहेको छ । त्यसैले तिथिको गणनामा देखिने भिन्नताका बाबजुद पनि यी तीनवटै पर्वलाई लगातार तीन दिनसम्म क्रमबद्ध रूपमा सम्पन्न गर्नुपर्ने मान्यता राखिन्छ । यसले स्वन्ति नख:को तिथिगत अभ्यास केवल पञ्चाङ्गमा आधारित नभई समुदायमा पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको धार्मिक विश्वास र सांस्कृतिक निरन्तरतासँग समेत सम्बन्धित रहेको देखाउँछ ।

म्हपूजा नेवा: समुदायको धार्मिक, सांस्कृतिक तथा सामाजिक जीवनसँग गहिरो सम्बन्ध राख्ने विशिष्ट पर्व हो । नेपाल संवत्को नयाँ वर्षको अवसरमा मनाइने यस पर्वमा आफ्नो शरीरको पूजा गरी आत्मसम्मान, आत्मशुद्धि, सुस्वास्थ्य, दीर्घायु तथा समृद्धिको कामना गरिन्छ । म्हपूजाले व्यक्तिको अस्तित्व र महत्त्वलाई स्वीकार गर्नुका साथै मानव जीवन, घरपरिवार र दैनिक जीवनमा प्रयोग हुने वस्तुहरूबिचको अन्तरसम्बन्धलाई समेत उजागर गर्दछ । म्हपूजाको विशिष्ट पक्ष भनेको व्यक्तिको पूजा मात्र नभई घरमा रहेका विभिन्न सजीव तथा निर्जीव वस्तु र भौतिक संरचनालाई समेत धार्मिक महत्त्वका साथ सम्मान गर्नु हो । नेवा: समुदायमा प्रचलित परम्पराअनुसार कुकुर, कुखुरा, दैनिक जीवनमा प्रयोग हुने घरेलु सामग्री तथा घरको बुइँगलदेखि मूलढोकासम्मका विभिन्न संरचनालाई देवीदेवताको प्रतीकका रूपमा ग्रहण गरी पूजा गर्ने चलन पाइन्छ । यस प्रकारको अभ्यासले दैनिक जीवनमा प्रयोग हुने वस्तुहरूलाई समेत धार्मिक तथा सांस्कृतिक अर्थ प्रदान गरेको देखिन्छ ।

नेवा: समुदायको परम्परागत धार्मिक मान्यताअनुसार घरमा रहेका विभिन्न वस्तु तथा संरचनामा देवीदेवताका स्वरूपको प्रतीकात्मक परिकल्पना गरिएको पाइन्छ । प्रस्तुत विवरणअनुसार घरका १३ प्रमुख वस्तु वा स्थानलाई विभिन्न देवीदेवतासँग सम्बन्धित मानी पूजा गर्ने परम्परा रहेको छ । तीमध्ये उल्लेख गरिएका वस्तु तथा तिनसँग सम्बन्धित धार्मिक प्रतीकहरू निम्नानुसार छन् -

१) क्वँय्: सुन्डाकार डन्डीलाई नेपालभाषामा 'क्वँय्' भनिन्छ । यसलाई श्रीगणेशको प्रतीकका रूपमा मानिन्छ ।
२) ढोकाका दायाँ र बायाँ प्वाल: यी स्थानलाई क्रमश: सिंहिनी र ब्याघिनी देवीसँग सम्बन्धित मानी पूजा गरिन्छ ।
३) गजवार: यसलाई भैरवको प्रतीकका रूपमा लिइन्छ ।
४) सिलौटो: यसलाई कुमारी देवीको प्रतीक मानिन्छ ।
५) सिलौटाको बच्चा: यसलाई वैष्णवी देवीको स्वरूपका रूपमा परिकल्पना गरिन्छ ।
६) ओखल: यसलाई बाराही देवीको प्रतीक मानिन्छ ।
७) गाग्रो: यसलाई चामुण्डा देवीको स्वरूपसँग सम्बन्धित गरिन्छ ।
८) कसौँडी: यसलाई महाकाली र कुमारसँग सम्बन्धित मानी पूजा गरिन्छ ।
९) कुचो: यसलाई ब्रह्मायणी देवीको प्रतीकका रूपमा लिइन्छ ।
१०) नाङ्लो: यसलाई माहेश्वरी देवीको स्वरूपसँग सम्बन्धित मानिन्छ ।
११) भकारी: यसलाई महालक्ष्मीको प्रतीकका रूपमा पूजा गरिन्छ ।

नेवा: समुदायभित्र प्रचलित अर्को मान्यताअनुसार विभिन्न वस्तु कुट्न तथा पिस्न प्रयोग गरिने ढुङ्गा वा खललाई कुमारको प्रतीक, कुचोलाई ब्रह्माको प्रतीक, नाङ्लोलाई महादेवको प्रतीक र कलशलाई पवित्रताको प्रतीक मान्ने परम्परा रहेको छ । यसरी एउटै घरेलु वस्तुलाई विभिन्न सांस्कृतिक सन्दर्भमा फरक देवीदेवतासँग सम्बन्धित गरिएको पाइन्छ । यसबाट नेवा: समुदायभित्रका धार्मिक परम्परा, स्थानीय मान्यता र प्रतीकात्मक व्याख्यामा विविधता रहेको सङ्केत मिल्छ ।

म्हपूजाको अवसरमा यी घरमा प्रयोग हुने सामान्य वस्तुलाई समेत देवीदेवतासँग सम्बन्धित गर्नुले धार्मिक आस्था र दैनिक जीवनबिचको निकट सम्बन्धलाई स्पष्ट पार्छ । यस प्रक्रियामा वस्तुहरूको भौतिक उपयोगिताभन्दा तिनलाई प्रदान गरिएको धार्मिक अर्थ र सांस्कृतिक महत्त्वलाई प्राथमिकता दिइन्छ । यस अर्थमा म्हपूजा नेवा: समुदायको अमूर्त सांस्कृतिक सम्पदा, धार्मिक आस्था र परम्परागत ज्ञानको महत्त्वपूर्ण अभिव्यक्ति हो ।

स्वन्ति नख:का तीन प्रमुख दिनलाई क्रमश: मनाउनुपर्ने परम्परासँग 'गलग्रह दोष' सम्बन्धी धार्मिक मान्यता पनि जोडिएको पाइन्छ । प्रस्तुत सांस्कृतिक व्याख्याअनुसार, शास्त्रीय विधिअनुसार आरम्भ गरिएको कुनै कर्म निर्धारित क्रमअनुसार सम्पन्न हुन नसक्दा वा त्यसको निरन्तरतामा व्यवधान उत्पन्न हुँदा लाग्ने तिथिसम्बन्धी दोषलाई गलग्रह दोष भनिन्छ ।

हिन्दू धर्मशास्त्रीय मान्यताअनुसार लक्ष्मीपूजाको तिथि निर्धारण गर्दा कार्तिक कृष्ण औँसीको दिन साँझको प्रदोषकालमा औँसी तिथि विद्यमान रहेको अवस्थालाई महत्त्व दिइन्छ । त्यसैले लक्ष्मीपूजा गर्ने दिन निर्धारण गर्दा सूर्योदयका समयमा विद्यमान तिथिलाई मात्र आधार नबनाई तिथि प्रारम्भ र समाप्त हुने समय तथा साँझको प्रदोषकालमा रहने तिथिसमेत विचार गर्नुपर्ने हुन्छ ।

वि.सं. २०८३ सालको तिथिगत अवस्थालाई कार्तिक २२ गते बिहान १०:५४ बजेसम्म कार्तिक कृष्ण चतुर्दशी तिथि रहने र त्यसपछि औँसी तिथि प्रारम्भ हुने उल्लेख गरिएको छ । यसअनुसार उक्त दिन साँझ औँसी तिथि विद्यमान रहने भएकाले लक्ष्मीपूजा सोही दिन गर्नु शास्त्रसम्मत हुने धार्मिक मान्यता प्रस्तुत गरिन्छ । यसको विपरीत, कार्तिक २३ गते साँझ औँसी तिथि नरहने अवस्थामा उक्त दिन लक्ष्मीपूजा गर्नु उपयुक्त नहुने तर्क यस मान्यतामा आधारित छ ।

त्यसैगरी, कार्तिक २३ गते बिहान ११:३३ बजेपछि शुक्ल प्रतिपदा तिथि प्रारम्भ हुने उल्लेखका आधारमा उक्त दिन म्हपूजा गर्ने र कार्तिक २४ गते भाइटीका मनाउने क्रम निर्धारण गरिएको छ । यसरी तिथि प्रारम्भ र समाप्त हुने समयका साथै साँझको धार्मिक महत्त्वलाई समेत ध्यानमा राखेर पर्वहरूको दिन निर्धारण गर्ने परम्परा रहेको देखिन्छ ।

यस सन्दर्भमा वि.सं. २०५८ सालको तिथिगत अवस्थालाई पनि उदाहरणका रूपमा लिन सकिन्छ । उक्त वर्ष कार्तिक २९ गते लक्ष्मीपूजा परेको उल्लेख छ । त्यस दिन कार्तिक कृष्ण चतुर्दशी तिथि साँझ १८:०६ बजेसम्म कायम रहेको र कार्तिक ३० गते दिउँसो १४:२९ बजे औँसी तिथि समाप्त भई प्रतिपदा तिथि प्रारम्भ भएको विवरण प्रस्तुत गरिएको छ । त्यसअनुसार कार्तिक ३० गते म्हपूजा र मङ्सिर १ गते भाइटीका मनाइएको थियो । यी उदाहरणहरूले पर्वको तिथि निर्धारणमा तिथिको प्रारम्भ र समाप्तिको समय, प्रदोषकालमा विद्यमान तिथि तथा स्थानीय सांस्कृतिक परम्पराले महत्त्वपूर्ण भूमिका खेल्ने देखाउँछन् ।

निष्कर्ष

यमपञ्चक तथा स्वन्ति नख: नेपाली समाजको धार्मिक आस्था, सांस्कृतिक निरन्तरता र सामुदायिक पहिचानसँग सम्बन्धित महत्त्वपूर्ण पर्व हुन् । यमपञ्चकले यमराज र यमुनासम्बन्धी धार्मिक आख्यानमार्फत पारिवारिक सम्बन्ध तथा भाइबहिनीबिचको स्नेहलाई महत्त्व दिन्छ भने स्वन्ति नख:ले नेपालभाषी समुदायको मौलिक पर्व परम्परा र तिथिगत अनुष्ठानलाई अभिव्यक्त गर्दछ ।

म्हपूजा नेवा: समुदायको धार्मिक तथा सांस्कृतिक पहिचानसँग सम्बन्धित महत्त्वपूर्ण पर्व हो । यसले व्यक्तिको पूजा र आत्मसम्मानलाई महत्त्व दिनुका साथै घरपरिवार तथा दैनिक जीवनमा प्रयोग हुने विभिन्न वस्तु र संरचनालाई समेत धार्मिक दृष्टिले अर्थपूर्ण बनाउँछ । घरेलु सामग्रीमा देवीदेवताका स्वरूपको परिकल्पना गरी पूजा गर्ने परम्पराले नेवा: समुदायको सांस्कृतिक विश्वदृष्टि, प्रतीकात्मक चिन्तन र धार्मिक अभ्यासबिचको सम्बन्धलाई उजागर गर्दछ ।

विशेषत: लक्ष्मीपूजा, म्हपूजा र किजापूजालाई लगातार तीन दिन मनाउने परम्पराले स्वन्ति नख:को विशिष्ट सांस्कृतिक स्वरूप उजागर गर्दछ । तिथिको क्षय वा वृद्धिभन्दा पर्वका अनुष्ठानको क्रमलाई महत्त्व दिने प्रचलित मान्यताले समुदायको सांस्कृतिक अभ्यास र धार्मिक विश्वासबिचको सम्बन्धलाई देखाउँछ ।

यस वर्षको 'स्वन्ति नख:' वि.सं. २०८३ सालको तिथिगत अवस्था अनुसार :

१) कार्तिक २२ गते लक्ष्मीपूजा ।
२) कार्तिक २३ गते म्हपूजा ।
३) कार्तिक २४ गते किजापूजा ।

स्रोत:

१) (कायस्थ, डा.वीरेन्द्र प्रसाद, मल्लकालीन संस्कृति र चाडपर्व, २०७९,
२) नरनाथ पञ्चाङ्ग
३) स्रोत: फेसबुक)
४) स्थानीय स्रोत–व्यक्तिहरूबाट प्राप्त जानकारी
५) प्रा.डा.जोशी मङ्गलराज, प्रशिक्षण र प्रवचनबाट
६)ज्योतिर्विद् शर्मा गिरीन्दराज, प्रशिक्षण र प्रवचनबाट
७) विकिपिडिया
८) विविध पत्र– पत्रिका ।
९) अनलाइन पत्रिका

कार्की...

अर्बको कारोबार QR मार्फत हुने गरेको छ । डिजिटल बैङ्किङले ग्राहकलाई कारोबार गर्न अत्यन्त सहज भएको छ ।

विशेष गरी २०७९ सालपश्चात् उच्छृङ्खल गतिविधि बढ्दै गइरहेका छन् । सर्वसाधारण जनताले मेहनत गरेर जम्मा गरेको निक्षेप सङ्कलन गरेर बैङ्कले कर्जा प्रवाह गर्ने हो । तथापि, ऋण लिएपश्चात् नतिर्ने, नेपाल राष्ट्र बैङ्कको निर्देशन तथा बैङ्क र वित्तीय संस्था ऐनले दिएको अधिकार प्रयोग गरी असुली गर्दा बैङ्कका कर्मचारीहरूउपर दुर्व्यवहार गर्ने, धम्क्याउनेलगायत विभिन्न अराजक गतिविधिहरू पछिल्ला समय बढ्दै गइरहेका छन् ।

बैङ्किङ क्षेत्रमा हाल देखिएका केही चुनौतीहरू :

१. न्यून कर्जाको माग : यस आ.व.को झन्डै ६ महिना बित्न लाग्दा कर्जाको वृद्धिदर २ प्रतिशतभन्दा कम नै रहेको छ । कर्जाको ब्याजदर इतिहासकै न्यून बिन्दुमा रहँदा समेत कर्जाको माग अत्यन्तै कम रहेकोले तरलता व्यवस्थापनमा समेत ठुलो सकस परेको अवस्था छ ।

२. बढ्दो खराब कर्जा : गत वर्षदेखि नै बढ्दै गइरहेको खराब कर्जा यस आ.व.को पछिल्लो त्रैमासिकमा ४.८६ प्रतिशत रहेको छ । मुलुकको विद्यमान परिस्थिति र व्यापार व्यवसायमा देखिएको सुस्तताको कारण आगामी दिनमा यो अझै बढ्ने देखिन्छ ।

३. कर्जा असुलीमा चुनौती : समस्त मागमा देखिएको सङ्कुचन, व्यापार/व्यवसायमा देखिएका सुस्तता, विभिन्न अराजक समूहहरूले दिएका भड्काउपूर्ण अभिव्यक्तिलगायतका कारणले कर्जा असुलीमा उल्लेखनीय गिरावट आएको छ ।

४. बढ्दो गैरबैङ्किङ सम्पत्ति : पछिल्लो समय बैङ्कहरूमा गैरबैङ्किङ सम्पत्ति बढ्दै गइरहेको छ । हाल करिब रु. ५२ अर्बका गैरबैङ्किङ सम्पत्ति थुप्रिएर बसेको अवस्था छ । यसको उचित व्यवस्थापन नभएको खण्डमा समस्त बैङ्किङ क्षेत्रलाई नै नकारात्मक प्रभाव पर्न सक्छ ।

५. घट्दो नाफा : उपर्युक्त चुनौतीहरूको प्रत्यक्ष प्रभाव बैङ्कहरूको नाफामा परेको छ । यस आ.व.को प्रथम त्रैमासिक विवरणअनुसार सञ्चालनमा रहेका २० वटा वाणिज्य बैङ्कहरूमध्ये १२ वटा बैङ्कहरूको वितरण योग्य मुनाफा नकारात्मक रहेको छ । यस अवधिमा बैङ्कहरूले जम्मा रु. १३ अर्ब खुद नाफा गरेका थिए, जुन अघिल्लो आ.व.को सोही समयको तुलनामा रु. ३ अर्बले कम हो ।

जियनजेड आन्दोलन र त्यसपछिको बैङ्किङ परिस्थिति :

भदौ २३-२४ का घटनालगत्तै नेपाल बैङ्कर्स सङ्घले सो समयमा सम्प्रेषण गरेको विवरणअनुसार ८७३ ऋणीहरू प्रत्यक्ष प्रभावित भएको र ती ऋणीहरूको करिब रु. ३७ अर्बको नोक्सान भएको अवस्था छ । उक्त घटनापछि कर्जा असुलीमा उल्लेखनीय गिरावट आएको छ । आन्दोलनका कारण कतिपय व्यवसाय बन्द हुने, ढुवानी अवरुद्ध हुने उत्पादन र बिक्री घट्ने जस्ता अवस्थाले ऋणीहरूको नगद प्रवाह कमजोर बन्न पुग्यो । फलस्वरूप, समयमै कर्जाको किस्ता र ब्याज तिर्न नसक्ने अवस्था सिर्जना भयो र यसले बैङ्कहरूलाई कर्जा पुन:संरचना तथा पुनर्तालिकीकरण गर्न बाध्य बनायो । विशेष गरी साना मझौला उद्योग, होटल-पर्यटन, निर्माण र ढुवानी क्षेत्रका कर्जाहरू बढी प्रभावित भएका छन् । जसका कारण असुली हुन नसकेको ब्याज उल्लेखनीय रूपमा बढेर बैङ्कहरूको तरलतामा दबाब सिर्जना हुन पुगेका छ भने प्रतिकूल परिस्थितिका कारण कर्जा प्रवाहमा सङ्कुचन आउनाले बैङ्कहरू नयाँ कर्जा प्रवाहमा सतर्क बन्नुपर्ने अवस्था सिर्जना भएको छ ।

आन्दोलन र यसबाट उत्पन्न परिस्थितिबाट जोखिम बढेको अवस्था छ । त्यस्तै, खराब कर्जाको अनुपात बढ्ने, खराब कर्जा अनुपात बढेसँगै नियामक प्रावधानअनुसार बैङ्कहरूले थप कर्जा नोक्सानी व्यवस्था गर्नुपर्नेछ । जसका कारण बैङ्कहरूको नाफामा उल्लेख्य गिरावट आएर देशको समग्र अर्थ व्यवस्थामा शिथिलता देखापर्न गएको छ । लगानीको बाटो नखुल्दा निक्षेप परिचालनमा समस्या उत्पन्न भएको छ । बजारमा पैसा चलायमान नहुँदा देशको अर्थतन्त्र नै धरासायी बन्ने अवस्थामा पुग्न सक्ने सम्भावना बढ्दै गएको छ ।

समग्रमा, भुइँचालो त्यसपछि कोराना महामारीलगायतका अन्य विभिन्न चरणहरू पार गर्दै आउँदा विस्तारै अर्थव्यवस्था लयमा फर्किएला कि भन्ने आशा पलाइरहेको समयमा फेरि जियनजेड आन्दोलन र त्यसपछि उत्पन्न परिस्थितिले देशको समग्र अर्थतन्त्रलाई गहिरो असर पारेको छ ।

भक्तपुर बचतमा नियमित शिक्षा शिविर सम्पन्न

भक्तपुर, १४ कार्तिक । भक्तपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको शिक्षा उपसमितिको आयोजनामा शनिबार संस्थाकै सभाहलमा शिक्षा शिविर सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष निर्मल प्रजापतिले सहकारीको विगत र वर्तमान अवस्थाबारे जानकारी दिँदै हिजो स्वायत्त रहेको संस्था आज प्राधिकरणको नियन्त्रणमुखी नीति तथा निर्देशनका कारण सहज रूपमा सञ्चालन गर्न कठिन भएको बताउनुभयो । बैङ्क र सहकारीबिचको भिन्नताबारे स्पष्ट पार्दै उहाँले सहकारीमा मासिक रूपमा नियमित बचत गर्दा संस्था र सदस्यबिचको अपनत्व बढ्ने बताउनुभयो ।

उहाँले संस्थाका सेवा सुविधाबारे जानकारी दिँदै आर्थिक कारोबारका अतिरिक्त सामाजिक, सांस्कृतिक, खेलकुद तथा स्वास्थ्यसम्बन्धी र विविध गतिविधि सञ्चालन गर्नुका साथै सदस्यहरूको हितका लागि तालिमसमेत सञ्चालन गर्दै आएको उल्लेख गर्नुभयो ।

सरकारले आइतबार सार्वजनिक बिदा दिन पत्राचार गरे पनि संस्थाले पर्व बिदा र सार्वजनिक बिदाका दिनसमेत बिहान ७ देखि १० बजेसम्म नियमित सेवा सञ्चालन गरिरहेको र सहकारी प्राधिकरण तथा राष्ट्र बैङ्कबाट जारी नीति तथा निर्देशनअनुसार संस्थाका हरेक गतिविधिबारे सदस्यहरूले नियमित रूपमा अद्यावधिक गरिरहेको बताउनुभयो ।

समितिका संयोजक तथा संस्थाका उपाध्यक्ष लक्ष्मीप्रसाद कुसीले प्राधिकरणले सबै सहकारीलाई एउटै दृष्टिकोणले हेर्दा सामुदायिक सहकारीसमेत प्रभावित भएको बताउनुभयो । सहकारीको रकम दुरुपयोग गर्नेलाई मात्र कारबाही गर्नुपर्नेमा सबै सहकारीलाई कारबाहीको भागीदार बनाइएको उहाँले औँल्याउनुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक सत्यनारायण सायजूले संस्थाको वर्तमान वित्तीय अवस्थाबारे जानकारी गराउनुभयो भने शिक्षा उपसमितिका सदस्य जयराम कोजूले पनि बोल्नुभएको थियो ।

आर्थिक वर्ष २०८३/८४ को तेस्रो शिक्षा शिविरमा नयाँ सदस्य बन्नका लागि ८० जनाले आवेदन दिएका थिए ।

। सम्पादकीय ।

रास्वपा एकपछि अर्को सङ्कटमा किन फस्दै छ ?

रास्वपाले चुनावअघि तीनवटा फाइल खोलिए सरकारमा गएर भ्रष्टाचार गरेका अधिकांश नेताहरू जेलमा बस्नुपर्ने बताएको थियो । यसका लागि सिंहको जस्तो मुटु चाहिने र त्यो मुटु रास्वपासँग भएको दाबी गरिएको थियो । रास्वपा सरकारमा पुगेको सात महिना नाघ्यो तर ती तीनवटा फाइल खोलिएनन् । यतिखेर फाइल खोलिए रास्वपाका कतिपय नेता र कार्यकर्ताहरू चिसो छिँडीमा बस्नुपर्ने अवस्था आउने चर्चा सार्वजनिक भएको छ । के रास्वपा सरकारको मुटु फिस्टे चराको जस्तो भएको हो ?

रास्वपा नेतृत्वको सरकार बन्नुअघि यो पार्टीका नेताहरू उपप्रधानमन्त्री र मन्त्री बनेका थिए । त्यसबेला रास्वपा नेतृत्वको सरकार बनेको भए कस्ता जादुमय काम गर्न सकिन्छ भन्ने आफूहरूलाई थाहा भएको र काम टाकटुक गर्ने दाबी पनि गरिएको थियो । रास्वपाले सङ्ख्या पुगेको दिन अकुत सम्पत्ति कमाएर त्यसको मादकतामा मस्त रमाउँदै बेहोस भएकाहरूलाई ब्युँझाउने वाचा पनि गरेको थियो । सरकारको नेतृत्वमा पुगेपछि रास्वपाले आजको मेहनतले देश नबन्ने भन्न थाल्यो । रास्वपाका कतिपय नेता र कार्यकर्ताहरूले पार्टीको वाचापत्रमा के छ भन्ने अध्ययनसमेत नगरेको सार्वजनिक भयो ।

राजनीतिक दलहरू निश्चित दर्शन र वर्गीय आधारमा स्थापना तथा सञ्चालन भएका हुन्छन् । यतिखेर रास्वपा र यसको सरकार आफ्ना नेताहरूको मेहनतका कारण गठन नभएको, बरु संरा अमेरिकी सरकारको केन्द्रीय गुप्तचर संस्थाअन्तर्गतका संस्थाहरूमार्फत दुई करोडभन्दा बढी डलर पठाएर उपद्रवको तालिमसमेत दिएको भन्ने विषय 'दि ग्रे जोन' सञ्चारमाध्यममा सार्वजनिक भयो ।

आर्थिक घोटाला गर्नेहरूलाई जेल कोच्ने दाबी गर्दै सरकारमा पुगेका रास्वपाका नेताहरू नै यतिखेर अनेक आर्थिक घोटाला र दुर्व्यवहारका काण्डमा परेको सार्वजनिक भइरहेको छ । लुम्बिनी विकास कोषको उपाध्यक्ष पदमा नियुक्त गरिएकी आनीको नागरिकतामा नक्कली बुबाको विवरण रहेको, छिमेकी देश चीनको अभिन्न अङ्ग तिब्बतलाई विखण्डन गर्न लागिपरेका दलाई लामासँग सम्बन्ध रहेको तथा करोडौँ रुपैयाँ विदेशबाट प्राप्त भए पनि त्यसको स्रोत नखुलेको जस्ता विषय सार्वजनिक भइरहेका छन् ।

रास्वपा सरकारका अर्थमन्त्री स्वर्णिम वाग्लेले भारत पुगेर त्यहाँका विदेशमन्त्री जयशङ्करको विद्यार्थीभैँ बनेर भारतको विरोध गर्ने नेपाली राष्ट्रवादको अन्त्य गरेको घोषणा गरे । नेपालीले भारतीय एकाधिकार पुँजी र विस्तारवादको विरोध गर्दै आएका हुन्, भारत र भारतीय जनताको विरोध होइन । नेपाली काङ्ग्रेसमा उम्मेदवार बन्न सिफारिस नभएपछि ढिलो गरी रास्वपामा प्रवेश गरेका वाग्लेमा कुनै राजनीतिक नैतिकता र अडान नभएको आरोप लगाइएको छ । वाग्ले रास्वपाको अर्थमन्त्री भएलगत्तै बजेट निर्माणमा करका दरसम्बन्धी सूचना चुहावट र बीवाईडी गाडी आयातमा दुई अर्ब रुपैयाँ कमिसनको विषय बाहिरिएकै हो । यसअघि वाग्ले प्रतिनिधिसभा सदस्य हुँदा दक्षिण एसियामा 'मोदी डक्ट्रिन' को समर्थन गर्दै भारतीय शासक वर्गसामु लम्पसार परेको आरोप पनि लागेको थियो ।

रास्वपा सरकारले १३ जना राजदूत सिफारिस गरेकामध्ये संसदीय सुनुवाइ समितिबाट दुई जना अस्वीकृत भए भने एक जनाको सिफारिस स्थगित भयो । यसले सरकारको सिफारिस हचुवाका भरमा वा प्रभावमा परेर गरिएको पुष्टि गर्छ । सिफारिस गरिएका राजदूतमध्ये महिला दुर्व्यवहारमा मुछिएका र म्यानपावर कम्पनीसँग साँठगाँठ भएका व्यक्ति पनि रहेको आरोप लाग्नु रास्वपा सरकारको अपरिपक्वताको सङ्केत हो । जापानका लागि राजदूतमा सिफारिस गरिएका व्यक्तिसँग उतैको स्थायी आवास अनुमति रहेको विषयसमेत सार्वजनिक भयो ।

बिचौलिया भएको आरोपमा थुनामा रहेका दीपक भट्टसँग पूर्वप्रधानन्यायाधीश चोलेन्द्रदेखि इनम सापकोटा, सशस्त्र प्रहरीका एआईजी वंशीराज दाहाल र नेपाल प्रहरीका आईजी दानबहादुरसम्म जोडिएको विषय बाहिरियो । यस काण्डमा बालेन र विश्वराजसमेत जोडिएको सार्वजनिक भयो । यी विषयमा समाचार प्रकाशन गर्ने सञ्चारमाध्यमका पत्रकारलाई सादा पोसाकका प्रहरीले पत्रिकाको कार्यालयभित्रै प्रवेश गरेर पक्राउ गर्ने प्रयास गरेको, तर यस विषयमा रास्वपा सरकार बेखबर रहेको स्पष्टीकरण दिने नाटक भइरहेको आरोपसमेत सार्वजनिक भयो । केही विश्लेषकहरूले रास्वपा सरकारको नैतिकता समाप्त भएको भन्दै राजीनामा दिनुपर्ने विषय उठाए ।

रास्वपा सरकार आएयता नेपाल आयल निगममा तीन खर्ब रुपैयाँभन्दा बढी घाटा भएको र सार्वजनिक ऋण पनि एक खर्बभन्दा बढी थपिएको विषय सार्वजनिक भयो । केही विश्लेषकहरूले जनअधिकार आन्दोलनमा रास्वपा र यसका नेताहरूको कुनै भूमिका नरहेको, संरा अमेरिकी सरकारको पैसामा सिंहदरबार जलाएर सरकारमा पुगेको र त्यसैलाई आधार मानेर चुनावमा मत दिइएको भन्दै आक्रोश पोखे । यतिखेर कुनै पनि राजनीतिक दल र त्यसका नेता २-४ वर्षको उमेरमै परिपक्व हुँदैनन् भन्ने विज्ञहरूको भनाइ पुष्टि भइरहेको छ ।

नेपाल–भारत सम्बन्धमा देखापरेका गलत समझदारी र सही समाधानका उपायहरू – ४

✍ **नारायणमान बिजुक्छेँ (रोहित)**

*(हाल रास्वपा सरकारका जिम्मेवार व्यक्तिहरू तथा मन्त्रीहरूले बिनाअध्ययन र जानकारी नेपाल–भारत सम्बन्धका बारेमा गलत अवधारणा र अभिव्यक्ति दिँदै आएको हुँदा सबै पाठकको लागि नेपाल–भारत सम्बन्धका गलत समझदारीहरू र सही समाधानका उपायहरूको लागि **नारायणमान बिजुक्छेँ (रोहित)** द्वारा लिखित '**नेपाल-भारत सम्बन्ध र भारत**' पुस्तकको खण्ड १ को अध्याय ३ लाई साभार गरिएको छ –सं.)*

श्रीमन नारायणले नेपाल र नेपाली जनतालाई बुझ्न सक्नुभएन वा उहाँको हरेक हेराइ र अध्ययन नकारात्मक हुने गर्छ अथवा उहाँले जानाजान बुझपचाउनुभएको छ भन्ने कुरो हाम्रो छलफलले नै प्रस्ट गर्नेछ । २७-२८ वर्षअघि नेपाल कम्युनिस्ट पार्टीका ती वल्ड गार्डहरू (पुराना कम्युनिस्टहरू) मध्ये कतिले बेलायती उपनिवेशवादविरोधी भारतीय जनताको आजादीको आन्दोलनमा भाग लिएका समर्थकहरू थिए । भारतीय 'कामरेडहरू' र भारतीय जनतासँगै मिलेर साम्राज्यवाद-उपनिवेशवाद र फासीवादको विरोधमा आवाज उठाएका थिए, त्यसैबेला नेपाली कम्युनिस्टहरू एक अर्थमा 'माओवादी' वा 'चीन समर्थक' थिए । त्यो विचारधारा नेपाली कम्युनिस्टहरूले नेपालको उत्तरी सीमाबाट वा चिनियाँ राजदूतावासबाट होइन, भारतीय माटोमै प्राप्त गरेका थिए । (नेपाल र चीनको राजदूतस्तरीय कूटनैतिक सम्बन्ध १९६० मा मात्रै भएको थियो ।) जे होस्, नेपालमा कम्युनिस्ट पार्टी स्थापना हुनुमा भारतीय कम्युनिस्टहरू र भारतीय जनताको कम योगदान छैन । नेपाली कम्युनिस्टहरूले सुरुमा भारतमै बसेर मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारा अध्ययन गरेका थिए, त्यो पनि चिनियाँ भाषामा होइन, बरु अङ्ग्रेजी, हिन्दी र बङ्गाली भाषामा (१९६० सम्म नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय स्तरका एकजना पनि कम्युनिस्ट नेतालाई चिनियाँ भाषा आउँदैनथ्यो ।) साथै १९५८ सम्ममा नेपालका सबैजसो जिल्लाका मुख्य-मुख्य सहर, बजार र गाउँ-गाउँमा कम्युनिस्ट सेलहरूमात्रै बनिसकेका होइनन्, बरु अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको मान्यता प्राप्त एक केन्द्रीय समिति पनि बनिसकेको थियो । जसको धेरै विदेशी कम्युनिस्ट पार्टीहरूसँग सबभन्दा नजिकको सम्बन्ध थियो । नेपाल कम्युनिस्ट पार्टीको स्थापनाकाल अर्थात् १९४९ देखि नै नेपाल कम्युनिस्ट पार्टी र नेपाली जनता भारतको नेपाल नीतिको विरोधमा संसारको डबलीमा उभिसकेका थिए । सन् १९५९ को नेपालको पहिलो आम चुनावमा नेपाली काङ्ग्रेस सत्तामा आयो र भारतीय एकाधिकार पुँजीको दबाबमा उसले नेपालको अस्तित्वमै खतरा आउने सम्झौताहरू गऱ्यो । यसकारण, नेपाली जनतामा भारतीय एकाधिकार पुँजीविरोधी भावना माथिल्लो अवस्थामा पुग्यो । 'डाल्डाविरोधी प्रदर्शन', गण्डक र कोसी सम्झौताको विरोधमा गरिएको 'कालो दिवस' त्यसका उदाहरणहरू हुन् । नेपाली जनतामा भारतको नेपाल नीतिप्रति व्यापक विरोध र नेपाल कम्युनिस्ट पार्टी एक राष्ट्रिय पार्टीको रूपमा विकास भइसक्दासम्म काठमाडौँमा चिनियाँ दूतावास खुलिसकेको थिएन । यसकारण, चिनियाँ दूतावासले मजदुर, किसान र विद्यार्थीहरूको बिचमा सेलहरू खोल्यो भन्ने कुरा श्रीमन नारायणको भनाइ साम्राज्यवादविरोधी नेपालीको वामपन्थी आन्दोलनलाई धमिलो पार्ने एक दुष्प्रयासमात्रै गर्नुभएको हो । उहाँको त्यस खोटो ठम्याइले नेपाली जनताको देशभक्तिपूर्ण प्रगतिशील आन्दोलनमा भारतीय जनताको योगदानलाई समेत हलुका पार्न खाजेको छ ।

तर, जहाँसम्म चिनियाँ राजदूतावासले माओवादी साहित्यको वितरण र प्रचार गरेको कुरो हो, सबै देशका राजदूतावासहरू र मिसनहरूले आ-आफ्नो देश र सरकारको साहित्य प्रचार गर्छन्, जस्तो भारतीय राजदूतावासले गान्धी, नेहरू, संसदीय प्रजातन्त्र, रामायण, महाभारत, गीता र विनोवा भावेको साहित्यको वितरण र प्रचार गर्छ । यो त



भारतीय स्वतन्त्रता आन्दोलनका एक दृश्य

दुई देशबिचको कूटनैतिक सम्बन्ध र सांस्कृतिक सम्बन्धभित्रै पर्ने कुरा हुन् । चिनियाँ राजदूतावासले 'पैसा' वितरण गरेर 'सेलहरू' बनाएको कुरा त पूरै झूटमात्रै होइन, बरु यो श्रीमन नारायणको नेपाली जनताको क्रान्तिकारी आन्दोलनलाई बदनाम गर्ने एक कुचेष्टामात्रै हो । यस कुरालाई श्रीमन नारायणले हृदयदेखि अनुभव नगरेसम्म नेपाली जनताको मनमा पारेको त्यो घाउ आलै रहनेछ । अप्रत्यक्षरूपले उहाँ नेपाली राष्ट्रलाई नै चिनियाँ पैसामा बिक्ने ठानेर नेपाली जनतालाई ठुलो अपमान गर्नुहुन्छ । पररराष्ट्र नीति र कूटनैतिक सम्बन्धबारे अलि कति पनि जानकारी राख्ने हरेक व्यक्तिलाई थाहा हुने कुरो हो कि हरेक राजदूतावासको खर्च सम्बन्धित दुवै देशका सरकारलाई थाहा हुने गर्छ । त्यसको अर्को जानकारी मुद्रा बजार र बैङ्कहरूलाई थाहा हुने गर्छ । चिनियाँ मुद्रा नेपाली बजारमा कहिल्यै प्रचलनमा आएको छैन । तर, ठीक उल्टो भारतको मुद्राबारे छ । हिजोसम्म नेपाली बजारमा भारतीय मुद्रा खुलारूपले चल्थ्यो । आज पनि व्यापारिक क्षेत्रमा व्यवहारिकरूपले त्यसको निषेध भएको छैन र बैङ्कको हिसाबले देखाउँछ कि भारतीय मुद्राको ठीक-ठीक हिसाब राख्न नेपाल अझ पनि असमर्थ छ । त्यसको मुख्य कारण ९० प्रतिशत नेपालको व्यापार भारतसँगै हुनु, खुला सीमा व्यवस्था र नेपाली र भारतीय जनताको सामाजिक र सांस्कृतिक सम्बन्ध हुनु हो । यसकारण, भारतीय राजदूतावासको अवैध रकमको हिसाब नेपाल सरकार राख्न सक्दैन । विज्ञापनको आधारमा अखबारहरूलाई पैसा दिनु कुनै नौलो कुरो होइन न त भारतीय दूतावास नै यस काममा चीन, उत्तर कोरिया, रुस र अरू देशको दाँजोमा पछाडि छ । त्यतिमात्रै होइन- भारतीय राजदूतावासमार्फत रामायण, महाभारत र अरू विषयका सिनेमा, डकुमेन्ट्री, सांस्कृतिक कार्यक्रम र प्रदर्शनीहरू गर्ने कुरामा, स्थानीय धार्मिक गतिविधिहरूमा, विभिन्न भारतीय संस्थाहरूबाट प्रत्यक्ष र अप्रत्यक्षरूपले दिने गरेको सहयोग र सहायतामा, नेपाली लेखक र कविहरूको एक निश्चित सङ्ख्यामा किताब किनी दिएर नेपाली साहित्यको विकासमा 'योगदान' गर्ने काममा (यस सहायतामा नेपालका केही पुराना प्रगतिशील र 'माओवादी' लेखक र कविहरूका रचनाहरू पनि समावेश छन्), स्कूल, कलेज, विश्वविद्यालय र पुस्तकालयजस्ता शिक्षण-संस्थाहरूलाई भवन निर्माण, किताब, पत्रपत्रिका र अरू सामान दिनमा, गरिब वा राम्रा छात्र-छात्राहरूलाई छात्रवृत्ति दिनमा नैतिक र भौतिकरूपले भारतीय दूतावास नेपालस्थित अरू सबै राजदूतावासभन्दा अगाडि छ । यसमा भारतीय दूतावासको तुलनामा अरूले मुस्किलले एक प्रतिशत गरेको होला । यस्ता सांस्कृतिक गतिविधिमा चाख नलिएकोमा काठमाडौँका केही माथिल्ला सर्कल (मण्डली) हरूमा चिनियाँ राजदूतावासको 'निष्कृयतालाई बोधोपना' को संज्ञा दिएका थिए । तर, त्यसले चिनियाँ दूतावासको शैलीमा कुनै फरक आएन । तर, भारतीय दूतावासको सांस्कृतिक गतिविधिमा कहिलेकाहीँ खास राजनैतिक उद्देश्य लिएर स्कूलको भवन निर्माण र पिउने पानीको निम्ति बोरिङ गर्न क्रस चेकसमेत प्रदान गरेर नेपाल सरकारलाई समेत अप्ठ्यारोमा पारेको थियो । नेपाल र भारतको पुरानो मित्रताले गर्दा भारतीय राजदूतावासबाट बरोबर तेर्स्याउने अप्ठ्याराहरू नेपाल सरकारले पचाउँदै आएको देखिन्छ र नेपाली जनताको निम्ति यो नौलो र गुप्त कुरो पनि होइन । यसलाई नेपाली जनताले भारतीय दूतावासको 'खुला' कूटनीतिकै रूपमा लिइसकेको छ । तर, श्रीमन नारायणजीमा नेपाल-चीन सम्बन्धबारे 'अरूको आङमा जुम्रा देख्ने, आफ्नो आङमा भैसी नदेख्ने' दृष्टिदोष देखिन्छ ।

सन् १९५९ को नेपालको पहिलो आम चुनावमा नेपाली काङ्ग्रेस सत्तामा आयो र भारतीय एकाधिकार पुँजीको दबाबमा उसले नेपालको अस्तित्वमै खतरा आउने सम्झौताहरू गऱ्यो । यसकारण, नेपाली जनतामा भारतीय एकाधिकार पुँजीविरोधी भावना माथिल्लो अवस्थामा पुग्यो । 'डाल्डाविरोधी प्रदर्शन', गण्डक र कोसी सम्झौताको विरोधमा गरिएको 'कालो दिवस' त्यसका उदाहरणहरू हुन् ।

भियतनामी जनता एसियाका बहादुर र स्वतन्त्रताप्रेमी जनता हुन् । हजार वर्षभन्दा पहिलेदेखि भियतनामी जनता विदेशी हस्तक्षेप र साम्राज्यवादी आक्रमणको विरोधमा सङ्घर्ष गर्दै आएको इतिहास छ । यस शताब्दीको तेस्रो दशकदेखि भियतनामी जनता आफ्ना महान् नेता हो चि मिन्हको नेतृत्वमा फ्रान्स, जापान, संरा अमेरिका र अरू विभिन्न साम्राज्यवादी र प्रतिक्रियावादी शक्तिहरूको आक्रमण र हस्तक्षेपको विरोधमा जीवनमरणको सङ्घर्ष गर्दै आफ्नो राष्ट्रिय स्वाधीनता र मुक्तिलाई प्राप्त गरे । भियतनामी जनताको त्यस देशभक्तिपूर्ण सङ्ग्रामले ठूलो र बलियो देशको विरोधमा स-साना र निर्बलिया राष्ट्रहरूले पनि आफ्नो स्वतन्त्रता कायम गर्न सक्छ भन्ने एक ज्वलन्त उदाहरण संसारका जनताको अगाडि देखाइदियो । त्यो युद्ध भियतनामी जनताको देशभक्ति र चेतनाको विकासको एक अभिव्यक्ति हो । भियतनामी जनताको त्यस्तो महान् देशभक्तिपूर्ण सङ्घर्षलाई श्रीमन नारायणले चिनियाँहरूले फसाएको 'अन्तहीन गुरिल्ला युद्ध' सम्झनु भियतनामी जनताको आफ्नै देशभक्तिपूर्ण सङ्घर्षलाई हिलोछ्याप्नु हो । उहाँको त्यस ठम्याइबाट उहाँले सरासर संरा अमेरिकी साम्राज्यवाद र सैगोनको प्रतिक्रियावादी सरकारको सेवा गर्नुभयो । तर, भियतनामी जनता यसकारणले बडो भाग्यशाली छन् कि चिनियाँ जनताले जस्तै भारतीय जनताबाट पनि आफ्नो देश र जनताको न्यायोचित सङ्घर्षमा समर्थन पाए । तर, भारतकै श्रीमन नारायणजस्ता एक जिम्मेवार व्यक्तिको आँखामा त्यो युद्ध 'चिनियाँ कम्युनिस्टहरूले' गरेको 'सार्वभौमिकतालाई छिन्नभिन्न पार्ने' एक कोसिसमात्रै रह्यो । यस मानेमा उहाँले भारत र भारतीय जनताको साम्राज्यवादविरोधी भावनालाई प्रतिनिधित्व गर्न सक्नुभएन । लाखौँ-लाख भियतनामी जनताको त्याग, तपस्या र बलिदानले विजय प्राप्त गर्दै गएको रक्तरञ्जित क्रान्तिलाई चीनको 'उक्साइ' मात्र सम्झनु एकातिर भियतनामी जनताको अपमान थियो भने अर्कोतिर भारतीय जनताको साम्राज्यवादविरोधी परम्परामा एक कलङ्क थियो । तर, खुसीको कुरो छ, हाम्रो युग प्रगति उन्मुख छ, भारत सरकारको भियतनाम नीति श्रीमन नारायणको रायविपरीत गयो, भियतनामी जनता मुक्त भए, भारतीय जनताको समर्थन खेर गएन । यसले थाहा हुन्छ कि स्वतन्त्रता र मुक्ति आन्दोलनबारे श्रीमन नारायणको दृष्टिकोण उपनिवेशवादी छ, सम्भवत: उहाँमा यो दृष्टिकोण बेलायती उपनिवेशवादकै प्रभाव हुनुपर्छ, स्वतन्त्र भारतको होइन ।

त्यस्तै 'सानो र सैनिकरूपले निर्बलियो' नेपालले कोसित डराउनुपर्नेरहेछ भन्ने कुरो समयमै बङ्गलादेश र सिक्किमले नेपाली जनतालाई देखाइदियो । नेपाली जनताले कहिलेकाहीँ आफ्ना मित्रहरूबाट नकारात्मक वा उल्टो शिक्षा र सल्लाह पाउने गर्छन् । यो एक उदाहरण हो ।

स्रोत : नेपाल-भारत सम्बन्ध र भारत

नेपालीहरू भारतविरोधी होइनन् – ५

✍ योगेन्द्रमान बिजुक्छेँ

(वर्तमान सरकारका अर्थमन्त्री स्वर्णिम वाग्लेले निरन्तर विवादित अभिव्यक्तिहरू दिँदै आएका छन् । दिल्ली गएर उनले 'अब नेपालको भारतविरोधी राष्ट्रवादको नीतिको अन्त्य भएको' घोषणा गरे । उनले के आधारमा नेपालको भारतविरोधी नीतिको कुरा उठाएका हुन् ? मन्त्री वाग्लेले आफूसँग जानकारी नै नभएको कुरा बोल्दै भारतको चाकरी गरेको धेरैले बुझेका छन् । नेपाल–भारत सम्बन्धका बारेमा भारतका पूर्वराजदूत रञ्जित रेले आफ्नो संस्मरण 'काठमाडौँ डिलेमा' मा पनि नेपालीहरू किन भारतको विरोध गर्छन् भनी गुनासो गरेका छन् । उनको भनाइलाई स्पष्ट पार्न लेखिएको केही टिप्पणीले 'मजदुर' दैनिक तथा आमपाठकलाई नेपाल भारतविरोधी होइन भन्ने बुझ्न सहयोग पुग्ने उद्देश्यले यो आलेख पुनः प्रकाशित गरिएको छ । – सम्पादक)

पूर्वराजदूत रञ्जित रेको जिकिर :

११. नेपालमा भारतविरोधी भावना फैलनुका कारण र त्यसको वास्तविकता

क) नेपालको राजनीतिक परिवर्तन र भारतमाथि लगाइने हस्तक्षेपको आरोप

दस वर्षसम्म चलेको माओवादी सशस्त्र विद्रोह अन्त्य गर्न तथा राजा ज्ञानेन्द्रका गलत कदमपछि २०६२/६३ मा राजतन्त्रबाट गणतन्त्रमा सङ्क्रमण हुन भारतले सहजीकरण गरेको घटना ताजै छ । तर, यसलाई लिएर नेपालका



संविधानसभाबाट संविधान निर्माण हुने क्रममा र पछिका समयमा नेपालमा बढ्दो विदेशी कूटनैतिक नियोगहरूबाट हुने गरेको अनावश्यक हस्तक्षेप नेपाली बुद्धिजीवी र मिडियामा ठुलै बहसको विषय बनेको थियो । यही कुरालाई मनन गरेर नारायणकाजी श्रेष्ठ परराष्ट्रमन्त्री हुँदा उनले नेपाली नेताहरू र कर्मचारीहरूले विदेशी कूटनीतिज्ञहरूलाई भेट्दा पालना गर्नुपर्ने आचार संहिताको निर्माण गरेका थिए । त्यो नेपाली जनताको मागबमोजिम नै थियो । यसलाई लेखकले तानाशाही प्रवृत्ति देख्नु र संज्ञा दिनु कूटनैतिक मर्यादाको ठाडो उल्लङ्घन हो ।



शासक तथा संस्थापन पक्षले भारतले माओवादीलाई पालनपोषण, तालिम र हातहतियारसमेत दिएर अप्राकृतिक तथा गैरकानुनी साँठगाँठ गरेको आरोप लगाउँदै आएका छन् । सन् २००८ मा मधेसी दलहरूले समावेशी र समानतामा आधारित समाज तथा सरकारको माग गर्दै प्रदर्शन गर्दा भारतले सहजीकरण गरेको थियो । तर, भारतले सशस्त्र मधेसी समूहलाई सहयोग गरेको र मधेसी मुद्दालाई उचालेको हल्ला तथा अफवाह पनि फैलाइयो ।

यस्तो भारतविरोधी भावना केपी ओलीको समयमा झन् चर्किंयो । उनले आफ्नो राजनीतिक स्वार्थका लागि यस भावनालाई मलजल गरे । २०७२ सालको कथित नाकाबन्दीका बेला आफूलाई महान् राष्ट्रवादीका रूपमा प्रस्तुत गर्दै उनले भारतको हेपाहा नीतिको विरोध गर्नसक्ने नेता आफू मात्र भएको देखाउन खोजे र पछि संसद्मा अत्यधिक बहुमत पनि प्राप्त गरे । सीमा विवादमा लिम्पियाधुरा, लिपुलेक र कालापानी समेटेर नेपालको नयाँ नक्सा संविधानमा समावेश गराउन संशोधन गरियो । तर, चीनले नेपालको भूभाग अतिक्रमण गरेको भन्ने समाचार सार्वजनिक हुँदा परराष्ट्र मन्त्रालयले तत्काले विज्ञप्ति जारी गरी अतिक्रमण नभएको स्पष्ट पार्न खोज्यो र हुल्लाका सम्बन्धित सीमा अधिकारीलाई सरुवा गऱ्यो । यद्यपि, उक्त सीमा विवादबारे थप अनुसन्धान हुनुपर्ने माग अझै कायम छ ।

ख) राजनीतिक व्यवहारमा देखिने दोहोरो चरित्र र कूटनीतिक सम्बन्धमाथिको नियन्त्रण

नेपालका केही राजनीतिज्ञहरू भारतसँग नजिक भएको सार्वजनिक रूपमा देखाउन रुचाउँदैनन् । माओवादीका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठलाई चीनसँग बलियो सम्बन्ध भएका नेताका रूपमा चिनिन्छ । उनले एकपटक मलाई आफ्नो निवासमा दिवाभोजका लागि निमन्त्रणा गरेका थिए । केही महिनापछि मैले पनि आफ्नो कार्यालय इन्डिया हाउसमा बोलाउँदा उनले सचिवमार्फत उल्टै आफ्नै निवासमा आउन आग्रह गरे । मैले त्यसलाई स्वीकारेँ ।

२०७२ सालको भूकम्पको बेला उनले आफ्नो निर्वाचन क्षेत्रका लागि राहत सामग्री सहयोग मागे । मैले त्यसलाई स्वीकार्दै सार्वजनिक कार्यक्रममार्फत हस्तान्तरण गर्ने प्रस्ताव राखेँ, उनले अस्वीकार गरे । तथापि, स्थानीय जनताको समस्यालाई ध्यानमा राखेर राहत सामग्री पठाइदिएँ ।

नारायणकाजी श्रेष्ठ परराष्ट्रमन्त्री हुँदा विदेशी राजदूत र नेपाली नेताहरूबिच हुने भेटघाट परराष्ट्र मन्त्रालयमार्फत व्यवस्थापन गर्ने र मन्त्रालयका प्रतिनिधि पनि सहभागी हुने आचारसंहिता लागू गरिएको थियो । यसको उद्देश्य भेटघाटको स्वतन्त्रता सीमित गर्नु र छलफलको अभिलेख राख्नु थियो । तर, कुनै पनि राजदूत वा नेताले यसलाई पालना गरेनन् । स्वयम् श्रेष्ठले पनि मसँग सधैँ अलग्गै भेट्ने गर्थे । यसबाट देखिने व्यवहार र वास्तविकताबिच ठुलो अन्तर हुने गरेको मैले अनुभव गरेँ ।

ग) भारतको सहयोगप्रति उपेक्षा र ऐतिहासिक योगदानको अवमूल्यन

काठमाडौँ उपत्यकालाई तराईसँग जोड्ने पहिलो सडक त्रिभुवन राजपथ सन् १९५० को दशकमा भारतको सहयोगमा निर्माण गरिएको थियो । निर्माणको क्रममा विभिन्न कारणले ज्यान गुमाएका व्यक्तिहरूको स्मृतिमा राखिएका सङ्गमरमरका स्मारकहरूमा लेखिएका नामहरू समयसँगै मेटिँदै गएका थिए । भारतको सहयोगमा निर्माण गरिएका नेपालका विभिन्न विमानस्थलमा पनि यस्तै समस्या देखिएको थियो ।

भारत सरकारकै खर्चमा ती स्मारक र संरचनाको पुनर्निर्माण गर्न मैले नेपाली मन्त्रालयहरूमा प्रस्ताव राखेँ तर कसैले चासो देखाएनन् । यसले नेपालको विकासमा भारतले पुऱ्याएको ऐतिहासिक योगदानप्रति देखाइएको उपेक्षालाई उजागर गर्छ ।

घ) जातीय विविधता, समावेशिता र मधेसी समुदायप्रतिको शङ्का


दक्षिण एसियाका अन्य देशहरूमा जस्तै नेपालमा पनि बहुलवादको व्यवस्थापन विवादास्पद रहँदै आएको छ । नेपालको जातीय विविधता तथा मधेसी समुदायसहित भारतीय सीमावर्ती क्षेत्रका समुदायसँग मिल्दोजुल्दो भएकाले उनीहरू भारतप्रति बढी बफादार रहेको आशङ्का गरिन्छ । वि.सं. २०७२ मा नयाँ संविधानका प्रावधानविरुद्ध मधेसीहरूले रक्सौल नाकामा प्रदर्शन गर्दा नेपालका नेताहरू र सञ्चारमाध्यमले त्यसलाई भारत सरकारद्वारा प्रायोजित भएको अफवाह फैलाए । फलस्वरूप नेपालमा 'भारत भारतै फर्क' भन्ने नारा व्यापक रूपमा फैलियो ।

ङ) सामाजिक सञ्जाल र भारतविरोधी धारणाको विस्तार

सामाजिक सञ्जालको बढ्दो प्रयोगले पनि नेपालमा भारतविरोधी भावना फैलाउन भूमिका खेलेको छ । राजदूतावासको वेबसाइटमा कुनै सामग्री राख्दा घृणाले भरिएका प्रतिक्रियाहरू आउने गरेको मेरो अनुभव छ ।

काठमाडौँमा साथीभाइ र नेताहरूसँग भारतविरोधी भावना कसरी उत्पन्न भयो भन्ने विषयमा छलफल गर्दा विभिन्न धारणा सुनिए । पशुपतिशमशेर राणाका अनुसार नेपालका लागि भारतीय राजदूत सीपीएन सिंह नेपालको मन्त्रिपरिषद् बैठकमा सहभागी हुने गरेको समयदेखि यस्तो भावना उत्पन्न भएको थियो । भारतीय दूतावास र त्यहाँ कार्यरत अधिकारीजस्ता भारतको प्रत्यक्ष प्रतिनिधित्व गर्ने संस्था तथा व्यक्तिहरूप्रति नेपाली नेताहरूले नै विरोधी भावना जगाउने काम गरेको देखिन्छ ।





भारत सरकारको प्रायोजनमा माओवादीलाई हतियार, तालिम र अन्य कुराको सहयोग गरेर राजतन्त्र खतम गर्न लगाएको हो भन्ने प्रमाणित भइसकेकोमा थप चर्चा गर्नु नपर्ला । यसका बारे थप तथ्य अध्ययनका लागि भारतका प्रोफेसर एस डी मुनीको आलेख 'ट्रान्जिसन इन नेपाल' र सुधीर शर्माको 'प्रयोगशाला' अध्ययन गर्दा अझ छर्लङ्ग हुन्छ ।

च) भारतीय हस्तक्षेपको धारणा, राजनीतिक नेतृत्वको भूमिका र वास्तविकता

भारतीय राजदूतले नेपालमा भाइसरायजस्तो व्यवहार गर्ने, अहङ्कारी हुने र नेपालको सार्वभौमिकतालाई बेवास्ता गर्ने गरेको धारणा नेपाली समाजमा रहँदै आएको छ । भारतीय दूतावासका पहिलो सचिवसमेत नेपाली अधिकारीहरूलाई धम्क्याउने व्यक्तिका रूपमा चिनिने गरेको आरोप छ । नेपालको आन्तरिक मामिलामा भारतीय कर्मचारीतन्त्र र गुप्तचर संस्थाको संलग्नताबारे पनि नेपाली राजनीतिज्ञहरूले गुनासो गर्दै आएका छन् । विगतमा मातृका कोइराला, बीपी कोइराला र गिरिजाप्रसाद कोइरालाको भारतीय नेताहरूसँग बलियो तथा आत्मीय सम्बन्ध थियो तर अहिले त्यस्तो सम्बन्धको अभाव देखिन्छ ।

यद्यपि, नेपालको आन्तरिक मामिलामा हुने सबै हस्तक्षेपको कारण भारत मात्र होइन भन्ने कुरा मेरा केही अनुभवले स्पष्ट पार्छन् । तत्कालीन गृहमन्त्री विमलेन्द्र निधिले नेपाल प्रहरीको महानिरीक्षक नियुक्तिका विषयमा मसँग राय माग्दा मैले वरियता र क्षमताका आधारमा नियुक्ति गर्न सुझाव दिएको थिएँ । अर्को नियुक्तिका क्रममा चारै जना सम्भावित उम्मेदवार आफैँ भारतीय समकक्षीसँग समन्वय गरेर काम गर्न इच्छुक रहेको जानकारी दिन दूतावास आएका थिए । अन्ततः गृहमन्त्री र पार्टी अध्यक्षबिच फरक मत हुँदाहुँदै पार्टी अध्यक्षले रोजेका उम्मेदवार नियुक्त भए । पछि अदालतले उक्त नियुक्ति बदर गऱ्यो र अर्को उम्मेदवार नियुक्त भए ।

यी घटनाले भारतले योजनाबद्ध रूपमा नेपालको आन्तरिक मामिलामा सूक्ष्म व्यवस्थापन गरिरहेको छ भन्ने निष्कर्ष सही नहुने देखाउँछन् । कतिपय अवस्थामा भारतले दुई देशको सम्बन्धलाई ध्यानमा राखेर तटस्थ रूपमा सहयोग गर्न खोजेको पनि हुनसक्छ । तर, कुनै एउटा पक्षलाई मात्र लाभ पुग्ने गरी भारत संलग्न भएको देखिएमा अर्को पक्षले उसलाई एकपक्षीय भएको आरोप लगाउँछ ।

नेपालभरि भारतविरोधी भावना समान रूपमा फैलिएको पनि छैन । तराईका मधेसी समुदायको संस्कृति र रहनसहन बिहार तथा उत्तर प्रदेशका सीमावर्ती समुदायसँग मिल्दोजुल्दो छ । त्यस्तै, सुदूरपश्चिमका बासिन्दाको काठमाडौँभन्दा भारतसँग ऐतिहासिक तथा आर्थिक सम्बन्ध बढी निकट रहँदै आएको छ । महाकाली नदीमा बन्ने चार लेनको पुलले धनगढीदेखि नयाँ दिल्लीसम्मको दूरी आठ घण्टाले घटाउने अपेक्षा छ । पश्चिम नेपालका बासिन्दाका लागि महाकालीपारिको कुमाउ क्षेत्रका झुलाघाट र पिथौरागढ महत्त्वपूर्ण बजार हुन् ।

त्यसैगरी, पूर्वी नेपालको इलाम र दार्जिलिङ तथा सिक्किमका नेपालीभाषी समुदायबिच पनि ऐतिहासिक, सांस्कृतिक र सामाजिक सम्बन्ध सौहार्दपूर्ण रहँदै आएको छ । यसले नेपाल र भारतबिचको सम्बन्ध केवल राजनीतिक विवादमा सीमित नभई जनस्तरमा गहिरो सामाजिक तथा सांस्कृतिक निकटतामा आधारित रहेको देखाउँछ ।

(लेखकका विचारहरूमाथि आलोचनात्मक टिप्पणी निम्नानुसार प्रस्तुत गरिएको छ ।)

बुँदा ११ का सम्बन्धमा :

भारत सरकारको प्रायोजनमा माओवादीलाई हतियार, तालिम र अन्य कुराको सहयोग गरेर राजतन्त्र खतम गर्न लगाएको हो भन्ने प्रमाणित भइसकेकोमा थप चर्चा गर्नुनपर्ला । यसबारे थप तथ्य अध्ययनका लागि भारतका प्रोफेसर एस डी मुनीको आलेख 'ट्रान्जिसन इन नेपाल' र सुधीर शर्माको 'प्रयोगशाला' अध्ययन गर्दा अझ छर्लङ्ग हुन्छ ।

संविधानसभाबाट संविधान निर्माण हुने क्रममा र पछिका समयमा नेपालमा बढ्दो विदेशी कूटनैतिक नियोगहरूबाट हुने गरेको अनावश्यक हस्तक्षेप नेपाली बुद्धिजीवी र मिडियामा ठुलै बहसको विषय बनेको थियो । यही कुरालाई मनन गरेर नारायणकाजी श्रेष्ठ परराष्ट्रमन्त्री हुँदा उनले नेपाली नेताहरू र कर्मचारीहरूले विदेशी कूटनीतिज्ञहरूलाई भेट्दा पालना गर्नुपर्ने आचार संहिताको निर्माण गरेका थिए । त्यो नेपाली जनताको मागबमोजिम नै थियो । यसलाई लेखकले तानाशाही प्रवृत्ति देख्नु र संज्ञा दिनु कूटनैतिक मर्यादाको ठाडो उल्लङ्घन हो ।

भारतका राजदूतले नेपालमा भाइसरायको रूपमा हैकम चलाउने र नेपाली कर्मचारीहरू र नेताहरूलाई पहिला फकाउने लोभ्याउने र नभएमा धम्क्याउने नीति हाम्रो भोगाइ हो । भारत नेपालमा सुक्ष्म व्यवस्थापनमा लागेको कुरा पनि असत्य होइन । (यसका थप तथ्य र विवरणको लागि पढ्नुहोस्, प्रयोगशाला) । लेखकको आफ्नै बयानअनुसार प्रहरी महानिरीक्षकको नियुक्तिको सम्बन्धमा भारतीय राजदूतावासबाट हस्तक्षेप भएकै थियो ।

नेपालीले भारतकै विरोधमात्र गरिरहेको भान पर्ने गरी लेखकले निकालेको निष्कर्ष पनि गलत हो । उनले भनेअनुसार धेरै ठाउँमा नेपाली र भारतीयको समझदारी सौहार्द छ । हो नेपालीले विरोध गर्ने भनेको भारतीय शासकहरूको नेपालप्रतिको हेपाहा र मिचाहा प्रवृत्ति र नीति हो । जनताको तहमा यस्ता केही समस्या छैनन् ।



फ्रान्सको राजधानी पेरिसको पोर्टे डे बाग्नोलेटमा पहँलो भेस्ट आन्दोलन, मजदुर युनियनहरू र हाइस्कूल र विश्वविद्यालयका विद्यार्थीहरूद्वारा आयोजित जीवनयापन र असमानताको बढ्दो लागत विरुद्धको राष्ट्रव्यापी प्रदर्शनमा भाग लिँदै अक्टोबर ३१, २०२६ का दिन। प्रदर्शनकारीले बोकेका ब्यानरमा लेखिएको छ, 'हामी बलिदान पुस्ता बन्ने छैनौँ। हामी कमाएर जीवन बिताउन चाहँदैनौँ।' जीवनयापनको उच्च लागतविरुद्धको विरोध प्रदर्शनमा, हेलोवीन उत्सवहरूको बिचमा फ्रान्सलाई जीवनयापनको बढ्दो लागत र असमानताको कारणले स्तब्ध बनाएको छ। *तस्बिर : एएफपी*

फ्रान्समा हेलोविनका दिन प्रदर्शन, हिंसा भड्किने आशङ्का

पेरिस, ३१ अक्टोबर (एएफपी)। फ्रान्समा शनिबार लगातार तेस्रो सातासमेत प्रदर्शन हुने भएपछि सम्भावित हिंसा रोक्न सुरक्षा व्यवस्था कडा पारिएको छ। हेलोविन पर्वसमेत परेकाले प्रदर्शनका क्रममा हिंसा भड्किन सक्ने आशङ्कामा पसल तथा व्यावसायिक प्रतिष्ठानहरूले आफ्ना अगाडिका भाग काठका फल्याकले छोपेर बन्द गरेका छन्।

राष्ट्रपतीय निर्वाचन आउन छ महिनामात्र बाँकी रहँदा फ्रान्सको राजनीतिक वातावरण तनावपूर्ण बनेको छ। जनमत सर्वेक्षणहरूमा अतिदक्षिणपन्थी नेतृ मरिन ले पेन अगाडि देखिनुभएको छ।

राष्ट्रपति इमानुएल म्याक्रोनले राष्ट्रपतीय निर्वाचन नजिकिँदै गर्दा देशमा यस्तो अशान्त अवस्था रहनु सामान्य नभएको बताउनुभएको छ।

अक्टोबर १७ मा भएको हिंसा पुनः नदोहोरियोस् भन्ने उद्देश्यले शनिबार करिब ७० हजार सुरक्षाकर्मी परिचालन गरिने भएको छ। यो सङ्ख्या गत साता परिचालन गरिएको सुरक्षाकर्मी बराबर हो।

राजधानी पेरिसमा ४० भन्दा बढी मेट्रो स्टेसन बन्द रहनेछन् भने ट्राम सेवा पनि प्रभावित हुनेछन्।

गृहमन्त्रीका सहयोगी लरेन्ट नुनेजले दुई साताअघिकै स्तरको सडक हिंसा हुन सक्ने आशङ्का व्यक्त गर्नुभएको छ। त्यसबेला झडप, पसलमा लुटपाट र सार्वजनिक भवनमा आगजनी भएका दृश्य विश्वभर प्रसारित भएका थिए।

प्रदर्शनमा 'येलो भेस्ट' आन्दोलनका कार्यकर्ता, ट्रेड युनियन तथा उच्च माध्यमिक र विश्वविद्यालयका विद्यार्थी सहभागी छन्। सुरुमा बढ्दो जीवनयापन खर्च, असमानता र शिक्षाको खस्कँदो अवस्थाविरुद्ध केन्द्रित आन्दोलनले अहिले नागरिक स्वतन्त्रताको संरक्षण र प्रदर्शन गर्ने अधिकारको मागसमेत उठाएको छ।

प्रहरीको कडा कारबाहीका क्रममा केही प्रदर्शनकारी गम्भीर घाइते भएपछि आन्दोलनको दायरा थप फराकिलो भएको हो।

हिंसाको आशङ्कामा व्यवसायी चिन्तित

प्रहरी स्रोतका अनुसार अधिकारीहरूमा सम्भावित हिंसालाई लिएर ठुलो चिन्ता छ। "सबै कुरा शान्तिपूर्ण रूपमा टुङ्गिन्छ भनेर सोच्ने कुनै आधार छैन," एक प्रहरी स्रोतले जनाएको छ।

फ्रान्सको चेम्बर अफ कमर्सका अध्यक्ष एलेन डि क्रेसेन्जोले पनि व्यवसायीहरू शनिबारको अवस्थालाई लिएर चिन्तित रहेको बताउनुभएको छ। "पसल सञ्चालकहरू शनिबारको दिन छिट्टै सकियोस् भन्ने चाहन्छन्," उहाँले फ्रान्स इन्टर रेडियोलाई बताउनुभयो।

उहाँका अनुसार हेलोविन पर्वले अवस्थालाई थप जटिल बनाउन सक्छ। पर्वका क्रममा मानिसहरूले मास्क तथा नकाब लगाउने भएकाले प्रदर्शनकारीलाई पहिचान गर्न कठिन हुन सक्ने उहाँको भनाइ छ।

सम्भावित हिंसालाई ध्यानमा राख्दै फ्रान्सका विभिन्न सहरमा पसल तथा व्यावसायिक प्रतिष्ठानका अगाडिका भाग काठका फल्याकले छोपिएका छन्। पेरिसको एउटा पसलमा फल्याकले छोपिएको भागमा कालो रङले यस्तो सन्देश लेखिएको छ, "यी फल्याकपछाडि न त कुनै शक्ति छ, न त कुनै शत्रु। यहाँ केवल एउटा परिवार र उनीहरूको काम छ।"

'अन्धकारको रात' को आह्वान

पेरिस प्रहरीले प्रदर्शनकारीलाई पूर्वी पेरिसको बास्टिल र नेसन क्षेत्रबिच जुलुस निकाल्न रोक्ने प्रयास गरेको थियो। तर, अदालतले प्रहरीको उक्त प्रतिबन्ध उल्ट्याइदिएको छ।

नुनेजका अनुसार अधिकारीहरूले सामाजिक सञ्जालमा शनिबार साँझ हेलोविनका नाममा भेला हुन आह्वान गरिएका सन्देश फेला पारेका थिए। ती सन्देशमा प्रदर्शनकारीलाई 'क्रान्ति' सुरु गर्न आग्रह गरिएको थियो।

सामाजिक सञ्जालका केही पोस्टमा विशेष पहिरन लगाएर 'अन्धकारको रात' का लागि भेला हुन आह्वान गरिएको थियो।

नुनेजले प्रदर्शनकारीलाई अनुहार छोप्ने मास्क लगाउन अनुमति नदिइने चेतावनी दिएका छन्।

शुक्रबार पेरिसको एउटा विशेष पहिरन बिक्री गर्ने पसलमा ग्राहकको भीड लागेको थियो। तर, पसलका व्यवस्थापक डिडियर जारसाले ग्राहकले किनेका सामग्री के प्रयोजनका लागि प्रयोग गर्छन् भन्नेबारे सोध्नु आफ्नो काम नभएको बताउनुभयो।

"हामी यहाँ प्रहरीको भूमिका निर्वाह गर्न बसेका होइनौँ," उहाँले भन्नुभयो।

प्रदर्शन गर्ने अधिकारको माग

अक्टोबर १७ मा भएको झडप, लुटपाट र तोडफोड रोक्न सुरक्षा तथा गुप्तचर संयन्त्रले प्रभावकारी काम गर्न नसकेको अधिकारीहरूले स्वीकार गरेका छन्।

त्यसयता विभिन्न सहरमा प्रदर्शन नियन्त्रण गर्ने र कर्फ्यु जारी गर्ने उपाय अपनाउँदै सरकारले सुरक्षा व्यवस्था कडा बनाएको छ।

पेरिसका रिपब्लिक र सातेले-ले हाल क्षेत्रमा शनिबार र आइतबार राति ११ बजेदेखि बिहान ६ बजेसम्म कर्फ्यु लगाइने भएको छ।

मेयरको कार्यालयका अनुसार सार्वजनिक स्थलको सरसफाइका लागि सप्ताहन्तमा एक हजारभन्दा बढी नगरपालिका कर्मचारी परिचालन गरिनेछ।

राम्रो शैक्षिक वातावरणको माग गर्दै उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूले हप्तौँसम्म गरेको प्रदर्शनपछि पछिल्लो अशान्ति सुरु भएको हो।

बढ्दो जीवनयापन खर्चविरुद्धको प्रदर्शन जारी रहेकै बेला गत साता पेरिसबाहिर भएको गोलीकाण्डले पनि देशलाई स्तब्ध बनाएको थियो। उक्त घटनामा एक जनाको मृत्यु भएको थियो भने ११ वर्षीया बालिकासहित सात जना घाइते भएका थिए। पीडितमध्ये अधिकांश विदेशी मूलका थिए।

उक्त घटनापछि जातीय घृणालाई सामान्यीकरण गर्ने प्रवृत्तिविरुद्ध विभिन्न स्थानमा प्रदर्शन भएका छन्।

'स्ट्रेट अफ होर्मुज' मा तनाव
इरानद्वारा तीन तेल ट्याङ्कर अवरुद्ध

मस्कट, ३१ अक्टोबर (एएफपी)। ओमानले शुक्रबार आक्रमणबाट आगलागी भएको व्यापारिक जहाजबाट २५ जना चालक दलका सदस्यको उद्धार गरेको जनाएको छ। यसैबिच, इरानले 'स्ट्रेट अफ होर्मुज' पार गर्ने प्रयासमा रहेका तीनवटा तेल ट्याङ्कर रोकेको जनाएको छ।

फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि सुरु भएको युद्धका कारण तेहरानले विश्वको करिब पाँच भागको एक भाग तेल ओसारपसार हुने उक्त जलमार्गमा आवागमन अवरुद्ध गर्दै आएको छ।

ओमानको समुद्री सुरक्षा केन्द्रका अनुसार पानामाको झण्डा बोकेको 'आरआईटीआई' नामक व्यापारिक जहाजमाथि आक्रमण हुँदा आगलागी भएको थियो। त्यसपछि ओमानी नौसेनाले जहाजमा रहेका २५ जनालाई उद्धार गरेको हो। उनीहरूलाई आवश्यक स्वास्थ्य उपचारसमेत प्रदान गरिएको विज्ञप्तिमा उल्लेख छ। जहाज ट्र्याकिङ वेबसाइट मरिन ट्राफिकका अनुसार उक्त जहाज कच्चा तेल बोक्ने ट्याङ्कर हो।

यसैबिच, अमेरिकी सेन्ट्रल कमान्डका प्रमुख ब्राड कूपरले अमेरिकी सेनाले स्ट्रेट अफ होर्मुजका अन्तर्राष्ट्रिय जलमार्गमा रहेका समुद्री बारुदी सुरुङ हटाएको बताउनुभएको छ। जलमार्ग खुला र सुरक्षित राख्न अमेरिकी सेना तैनाथ रहेको उहाँको भनाइ छ।

बेलायती समुद्री सुरक्षा निकाय (युकेएमटीओ) का अनुसार शुक्रबार इरानको लाभान टापुबाट करिब ७४ किलोमिटर दक्षिणमा रहेको अर्को जहाजमा अज्ञात वस्तुले प्रहार गर्दा आगलागी भएको थियो। जहाजका चालक दल सुरक्षित रहेको र वातावरणीय क्षतिको खबर नआएको निकायले जनाएको छ।

इरानको रिभोलुसनरी गाड्र्स (आईआरजीसी) ले अनधिकृत मार्ग प्रयोग गरेका तीनवटा तेल ट्याङ्कर रोकेको जनाएको छ। ती जहाजले नेभिगेसन तथा अवस्थिति पहिचान गर्ने प्रणाली बन्द गरी इरानी चेतावनी बेवास्ता गरेको गाड्र्सको आरोप छ। तीमध्ये एउटा ट्याङ्करमा २० लाख ब्यारेल तेल रहेको र समुद्री बारुदी सुरुङमा ठोक्किएर आगलागी भएको इरानले जनाएको छ।

इरानले स्ट्रेट अफ होर्मुज हुँदै जाने जहाजले तोकिएको मार्ग प्रयोग गर्नुपर्ने र यात्राबारे इरानी सेनासँग समन्वय गर्नुपर्ने माग गर्दै आएको छ।

इरानले जलमार्गमा लगाएको अवरोधको जवाफमा अमेरिकाले इरानी बन्दरगाहहरूमा प्रति-अवरोध लगाएको छ। यसले इरानको तेल निर्यात तथा व्यापारिक गतिविधिमा थप प्रतिबन्ध सिर्जना गरेको छ।

अमेरिकी न्याय विभागलाई निर्वाचन अधिकारी नधम्क्याउन अदालतको आदेश

वासिङ्टन, ३१ अक्टोबर (एएफपी)। अमेरिकाको एक सङ्घीय अदालतले न्याय विभागलाई राज्य तथा स्थानीय निर्वाचन अधिकारीहरूलाई धम्क्याउन र दबाब दिन रोक लगाएको छ। मतपत्र प्रशोधनसम्बन्धी आफ्ना निर्देशिका पालना नगरे निर्वाचन अधिकारीमाथि फौजदारी अभियोग लगाउने चेतावनी दिँदै आएको न्याय विभागविरुद्ध अदालतले शुक्रबार यस्तो आदेश जारी गरेको हो।

क्यालिफोर्नियाको उत्तरी जिल्लाकी न्यायाधीश ट्रिना थम्पसनले जारी गरेको आदेशले ट्रम्प प्रशासनको निर्वाचन प्रक्रियामा हस्तक्षेप गर्ने प्रयासलाई धक्का दिएको छ। प्रशासनले नोभेम्बर ३ मा हुने मध्यावधि निर्वाचनमा अमेरिकी नागरिक नभएको आशङ्का गरिएका व्यक्तिहरूको मतदान प्रक्रियालाई सीमित पार्न खोजेको थियो।

श्रमिक सङ्गठन तथा नागरिक अधिकार समूहहरूले न्याय विभाग र गृह सुरक्षा विभागविरुद्ध दायर गरेको मुद्दाको सुनुवाइपछि अदालतले कडा शब्दमा अस्थायी निषेधाज्ञा जारी गरेको हो।

न्यायाधीश थम्पसनले आदेशमा भनिएको छ, "प्रतिवादीहरूले राज्य वा स्थानीय निर्वाचन अधिकारी तथा कर्मचारीलाई धम्क्याउन, तर्साउन वा दबाब दिन पाउने छैनन्। उनीहरूले आफूले मतदाता अयोग्य ठानेकै आधारमा कुनै पनि दर्ता भएका मतदाताको मतपत्र प्रशोधन रोक्न निर्देशन दिन पाउने छैनन्।"

उक्त आदेशले न्याय विभागका अधिकारीहरूले आफ्ना माग पालना नगरेको भन्दै राज्य तथा स्थानीय निर्वाचन अधिकारी र कर्मचारीलाई फौजदारी अभियोग लगाउने धम्कीसमेत दिन नपाउने स्पष्ट पारेको छ।

राष्ट्रपति डोनाल्ड ट्रम्पको रिपब्लिकन पार्टीले आगामी मङ्गलबार हुने मध्यावधि निर्वाचनमा कङ्ग्रेसमाथिको आफ्नो नियन्त्रण गुमाउन सक्ने जोखिम छ। आलोचकहरूले ट्रम्प प्रशासनले निर्वाचनको नतिजाप्रति शङ्का उत्पन्न गराउने प्रयास गरिरहेको आरोप लगाउँदै आएका छन्।

यसै साता बुधबार अर्का एक सङ्घीय न्यायाधीशले क्यालिफोर्नियाका २० हजारभन्दा बढी मतदाताको मतपत्र छुट्टै राख्ने न्याय विभागको प्रयास अस्वीकार गर्नुभएको थियो। ती मतदाता अमेरिकी नागरिक नभएको हुन सक्ने विभागको दाबीलाई अस्वीकार गर्दै न्यायाधीशले उक्त कदमलाई निर्वाचनअधि गरिएको निर्लज्ज 'हस्तक्षेप' भन्नुभएको थियो।

शुक्रबारको आदेशमा न्यायाधीश थम्पसनले निषेधाज्ञा नोभेम्बर १६ सम्म लागू रहने बताउनुभएको छ। निर्वाचनको मिति नजिकिँदै गएको र मुद्दा दायर गर्ने पक्षले आफ्नो दाबी पुष्टि गर्ने बलियो आधार प्रस्तुत गरेको भन्दै उहाँले आदेशलाई उचित ठहर गर्नुभएको हो।

निर्वाचन अधिकारीलाई तर्साउने र फौजदारी अभियोगको धम्की दिने कार्यलाई उहाँले गैरकानुनी तथा मनोमानीपूर्ण व्यवहारको सङ्ज्ञा दिनुभएको छ।

आदेशअनुसार न्याय विभागले मतदाता सूचीबाट निश्चित दर्ता भएका मतदाताको नाम हटाउन माग गर्न, कुनै मतदातालाई मतपत्र उपलब्ध नगराउन निर्देशन दिन वा मतदानका लागि अयोग्य भएको आरोपमा मतपत्र गणना नगर्न भन्न पाउने छैन।

सन् २०२० को राष्ट्रपतीय निर्वाचनमा जो बाइडेनसँगको पराजय स्वीकार नगरेका ट्रम्पले यस वर्षको मध्यावधि निर्वाचनमा पनि धाँधली हुन सक्ने दाबी गर्दै आउनुभएको छ।

विभिन्न अध्ययनले अमेरिकी निर्वाचनमा मतदाता धाँधलीका घटना अत्यन्तै दुर्लभ रहेको र त्यस्ता घटनाले निर्वाचनको समग्र नतिजामा प्रभाव नपार्ने देखाएका छन्।

नाइजेरियाको एक सैन्य अखडामा आक्रमण विफल, ४८ जना आईएसडब्ल्यूएपी लडाकु मारिएको सेनाको दाबी

अबुजा, ३१ अक्टोबर (सिन्हुवा)। नाइजेरियाली सेनाले उत्तरपूर्वी राज्य बोर्नो र योबेमा रहेका सैन्य अखडामा भएका दुईवटा आक्रमण विफल पारेको र त्यस क्रममा इस्लामिक स्टेट वेस्ट अफ्रिका प्रोभिन्स (आईएसडब्ल्यूएपी) का कम्तीमा ४८ जना संदिग्ध लडाकु मारिएको जनाएको छ।

उत्तरपूर्वी क्षेत्रमा सञ्चालित 'अपरेसन हादिन काई' का संयुक्त कार्यदलका प्रवक्ता मोहम्मद गोनीले शुक्रबार जारी गरेको विज्ञप्तिअनुसार बिहीबार राति र शुक्रबार बिहान बोर्नो राज्यको ग्वाजा स्थानीय सरकारी क्षेत्रअन्तर्गत बिट्टा तथा योबे राज्यको बुनी यादीस्थित सैन्य अखडामा आक्रमण भएको थियो। सेनाले दुवै आक्रमण विफल पारेको जनाएको छ।

गोनीका अनुसार बोर्नोको बिट्टामा बिहीबार राति भएको आक्रमणलाई सेनाले हवाई सहयोगसहितको जवाफी कारबाहीमार्फत विफल पारेको थियो।

त्यस्तै, योबे राज्यको बुनी यादीमा बिहीबार रातिदेखि शुक्रबार बिहानसम्म आक्रमण गर्ने लडाकुविरुद्ध सेनाले जवाफी कारबाही गरेको थियो।

कारबाहीका क्रममा एक सैनिकको मृत्यु भएको र अन्य दुई जना घाइते भएको गोनीले बताउनुभयो। सेनाले लडाकुबाट ५२ थान हतियारसमेत बरामद गरेको जनाएको छ।

नाइजेरियाली सेनाले सशस्त्र समूहहरूको गतिविधि र परिचालन क्षमता कमजोर पार्न तथा उनीहरूको सदस्य भर्ती, प्रचारप्रसार र आक्रमणको समन्वय गर्ने क्षमतामा अङ्कुश लगाउन सुरक्षा कारबाहीलाई निरन्तरता दिने जनाएको छ।

आईएसडब्ल्यूएपी उत्तरपूर्वी नाइजेरियामा सक्रिय सशस्त्र समूह हो। यसले बोको हरामसँगै उक्त क्षेत्रमा आफ्नो प्रभाव विस्तार गर्दै आएको छ। यी समूहले लेक चाड क्षेत्रका अन्य देशमा समेत आक्रमण गर्दै आएका छन्।

सहरी बाढीबारे एक चर्चा

✍ सरोज वैद्य, भक्तपुर

एक्काइसौँ शताब्दीमा विश्वले नै भोगिरहेको र दिनानुदिन बढ्दै जानु एक गम्भीर विषय हो - सहरी बाढी (Urban flooding)! बाढी भनेपछि खोला र नदी आसपासका क्षेत्रको समस्या भनिन्थ्यो तर अब यो स्थिति रहेन । केही दशकअगाडि वर्सात्को बेला बाढीले नदी र खोला किनारका बहाब क्षेत्रहरूमा असर गर्ने गरेको भए पनि क्षति सामान्य हुन्थ्यो । तर, आज भोलि विशेष गरी काठमाडौँ उपत्यकाको सडक, खुलास्थान, चोक, बस्ती र बजार आदि क्षेत्रहरूमा केही क्षणको वर्षाले समेत डुबानको समाचार निरन्तर आइरहेको छ । यसै सन्दर्भमा शताब्दी पुरुष सत्यमोहन जोशीको भनाइ राख्दा उपयुक्त होला "आजभन्दा ७० वर्षअगाडि १० दिनसम्म लगातार मुसलधारे पानी पर्थ्यो । त्यो बेला न कुनै मानवीय क्षति हुन्थ्यो, न कुनै भौतिक । हामीले विकास भन्दै आएका कुरालाई पुनरावलोकन गर्न अत्यावश्यक छ ।"



भक्तपुरको भाटभटेनी क्षेत्रमा बाढी

सहरी क्षेत्रहरूमा बाढी आउनु प्राकृतिक मात्र नभएर अहिलेको सहरी विकासको ढाँचाको कमी कमजोरी अथवा व्यवस्थापनमा समस्या भएर हो कि भन्ने प्रश्न उठेको छ । यो एउटा गहन छलफलको विषय भएको छ । यस्ता समस्याहरू देखिनुमा सहरी विकास योजना गर्दा वर्सात्को पानी र ढल निकास मात्र नभई खोला-नदीनालालाई यथोचित व्यवस्थापन गरी खुला क्षेत्रको संरक्षण, वातावरणीय सन्तुलन, बढ्दो आवादीअनुसारको ढल निकास प्रणाली आदिलाई जलवायु परिवर्तनका मुद्दाहरूलाई समस्तिगत (Holistic approach) रूपमा समेटिनुपर्ने देखिन्छ ।

भक्तपुरको भाटभटेनी क्षेत्रमा बाढी

काठमाडौँ उपत्यका एउटा दह थियो भन्ने इतिहासमा पढेका कुरा हामी सबैलाई थाहा भएकै हो । कालान्तरमा आएर उपत्यकामा मानव बस्तीको विकास हुँदै तीनवटा प्रमुख नगरहरूबाट विस्तार हुँदै आजका दिनसम्ममा २१ वटा गाउँ, नगर, उपमहानगर र महानगरपालिकाहरू भइसकेको अवस्था छ । यी सबै पालिकाहरूमा जनघनत्व पनि तुलनात्मक रूपमा बढेको अवस्था छ । काठमाडौँ उपत्यकामा ठुला, साना र मध्यम गरी एक दर्जनभन्दा बढी नदी-खोलानालाहरू रहेको छ । तीमध्ये सात वटालाई प्रमुख खोलाहरू रूपमा लिइने गरिन्छ । यी सातवटा नदीसहित अन्य नदी-खोलानालाहरू वाग्मतीमा नै मिसिन्छ । साधारणतया यी नदी-खोलानालाहरूको पानी स्रोत अथवा मुहान भनेको उपत्यकाका पहाडपाखाका वनजङ्गल नै हुन् । यस दृष्टिकोणले काठमाडौँ उपत्यकाका डाँडाकाँडा र पहाडपाखाहरू एक किसिमको जलाधार हो भन्ने बुझ्न सकिन्छ । हिउँदमा यी नदी-खोलानालाहरू पानीको बहाब कम हुने र मनसुनी वर्षायाममा पानीको बहाब ठुलै बग्दछ । वर्षभरि पर्ने पानीको करिब ८० प्रतिशत मनसुनमा मात्र पर्ने गरेको विज्ञहरूको भनाइ रहेको छ । वर्सात्को समयमा अहिले यी नदीखोलानालाहरू आ-आफ्ना नियमित पानीको बहाब क्षेत्रको सीमालाई पनि पार गरेर धेरै क्षति पुऱ्याएको अवस्था छ ।

वर्सात्को पानी सोस्न फुटपाथमा रुख बिरुवा रोप्ने तरिका

सहरी क्षेत्रहरूमा बाढी आउनुको मुख्य कारण प्राकृतिक मात्र नभई मानव-सिर्जित कारकहरूको पनि भूमिका रहेको देखिन्छ । काठमाडौँ उपत्यकाका सहरहरूमा जनसङ्ख्याको वृद्धिसँगै कङ्क्रिटमय आवास र पूर्वाधारहरूको निर्माणमा तीव्र वृद्धि हुँदा भान्छा, बाथरुम र चर्पी आदिमा पानीको बढ्दो प्रयोगले नगर ढल प्रणालीमा चाप बढेको देखिन्छ । सोअनुसार ढल व्यवस्थापन प्रणालीमा सुधार र स्तरोन्नति नहुनु पनि एउटा कारक हुन सक्दछ । कालोपत्रे, कङ्क्रिट ब्लक, ढुङ्गा तथा ढलानजन्य निर्माण प्रणालीमा मिसिनाले सडक बाटोमा बाढी आउनुलाई प्रमुख कारक रूपमा लिन सकिन्छ ।

सहरी क्षेत्रमा बाढी आउनुमा निम्न कारणहरू हुन सक्दछ :

१. कमजोर ढल व्यवस्थापन प्रणाली र सहरीकरणमा कङ्क्रिटको वर्चस्व :

- सहरका सडक, खुला क्षेत्र, चोक र पार्किङ स्थलहरू कङ्क्रिट वा कालोपत्रे हुनाले वर्षाको पानी जमिनभित्र सोसिन नपाउनु र पानी सतहमा बग्नु ।
- नयाँ सहरी तथा बस्ती क्षेत्रमा वर्सात्को पानीलाई सङ्कलन गर्ने पोखरी, तलाउ, इनार आदि नहुनु र पुराना नगर बस्तीहरूमा वर्सात्को पानी सोस्ने बर्गैंचा, चौरजस्ता खुला क्षेत्र घट्दै जानु ।
- सम्बन्धित निकायबाट नगरका ढल प्रणालीको अनुगमन र मर्मतसम्भार नियमित रूपमा नहुनु ।
- सहरका ढल निकास प्रणालीहरू पुराना र कमजोर हुनु साथै घरधुरीको सङ्ख्या बढ्दै जाँदा भान्छा, बाथरुम र चर्पी आदिमा पानीको बढ्दो प्रयोग भएको अवस्थामा ढलको क्षमताले धान्न नसक्नु ।
- प्लास्टिक जन्यवस्तुहरू, फोहोर-कसिङ्गर र हिलो-गेग्रान आदिले ढल थुनिँदा वर्सात्को पानी सडकमै जमेर बाढी आउनु ।
- वातावरणीय प्रभावको मूल्याङ्कन नगरी जथाभाबी प्लानिङ/प्लटिङका नाम अव्यवस्थित सहरीकरण र विभिन्न किसिमका निर्माण कार्यहरू गर्दा वर्सात्को पानी बग्ने प्राकृतिक बाटोमा अवरोध हुनु ।

२. प्राकृतिक र मानवीय कारणले नदी-खोला किनारका बहाब क्षेत्रहरू मिचिनु (Encroachment of Water Flow Areas) :

- सहरभित्रका प्राकृतिक खोलानाला, नदी भएकोले बढी क्षति हुनु । *(यति मात्र होइन नदी-खोलामा दुर्घटना वा अप्रिय घटना हुँदा यस्ता डिजाइनमा निर्माण गरिएका रिटेनिङ पर्खालबाट उद्धार गर्न कठिन भएको सर्वसाधारणको गुनासो रहेको कुरा सञ्चारमाध्यममा आउने गरेको छ ।)*
- काठमाडौँ उपत्यकाका कतिपय नयाँ बस्तीहरूमा खोलानालाको प्राकृतिक बहाब मार्गलाई खुम्च्याएर वा पुरेर सडक/बाटो निर्माण गर्नाले वर्सात्को पानी सतहमै बग्नाले बाढी आउनु ।

मिल्ने खुला ठाउँमा नदि खोलालाई व्यवस्थापन गर्ने तरिकामिल्ने खुला ठाउँमा नदि खोलालाई व्यवस्थापन गर्ने तरिका

३. जलवायु परिवर्तन (Climate Change) र भारी वर्षा :

- जलवायु परिवर्तनका कारण नेपालसहित अन्य मुलुकहरू (विश्वव्यापी) मा कम समयमा मुसलधारे वर्षा अर्थात् अत्यन्तै धेरै भारी वर्षा (loudburst/Extreme Rainfall) हुनाले सहरी ढल प्रणालीले धान्न नसक्नु ।

मिल्ने खुला ठाउँमा नदी खोलालाई व्यवस्थापन गर्ने तरीका

४. भौगोलिक, व्यवस्थापकीय र अन्य कारणहरू :

- नदी-खोलाको दायाँ बायाँ माटोको क्षयीकरण अर्थात् भू-स्खलन कम गर्न रुख बिरुवाहरू (जस्तै Willow, Weeping willow आदि) वृक्षरोपणमा कमी हुनु ।
- सहरी क्षेत्रमा रूख-बिरुवा र खुल्ला जमिन कम हुनाले पानीको बहाब गतिलाई ढिलो गर्न (Runoff delay) पानी सोस्ने (Perculation) क्षमतामा ह्रास आउनु साथै वर्सात्को पानीलाई सोस्ने प्राकृतिक उपायहरू र संयन्त्र अवलम्बन नगर्नु ।
- काठमाडौँ, बनेपा वा पोखराजस्ता उपत्यका (कचौराजस्तै आकार) का भू-बनोट (Topography) ले गर्दा बस्तीहरूमा चारैतिरबाट पानी बगेर तल्लो भागमा जम्मा हुने हुँदा बाढी आउने सम्भावना हुनु र यसको लागि जोखिम कम गर्न पूर्वानुमान र ठोस योजना नआउनु ।
- काठमाडौँ उपत्यकाको प्राकृतिक र परम्परागत भूमिगत जलभण्डारण प्रणाली बिग्रिनुले पनि बाढीको घटना बढ्नु ।

५. भू-उपयोग योजना (Land Use Planning) नक्साको कमी हुनु :

- सम्बन्धित निकायले जमिनको समय सापेक्ष र वैज्ञानिक वर्गीकरण गरिएको भू-उपयोग योजना नक्साको कमी हुनु । स्पष्ट भू-उपयोग योजना नक्सा नभएकोले बस्तीयोग्य, खेतीयोग्य, वनजङ्गल, सिमसार, औद्योगिक क्षेत्र आदि स्पष्ट रूपमा वर्गीकरण नहुँदा जथाभावी सहरीकरण र पूर्वाधार विकास निर्माण कार्य हुनु ।



वर्षात्को पानी सोस्न फुटपाथमा रूख बिरूवा रोप्ने तरिका

सामग्रीहरूको अत्यधिक प्रयोग बढ्नाले पानी जमिनमा सोसिन नपाउनु, जसले गर्दा कम समयमा ठुलो वा मुसलधारे वर्षा हुँदा सडकको सतहमा पानीको परिमाण बढ्नाले सहरी क्षेत्रमा बाढी आउनुको कारण हुन सक्दछ । सडक र बाटोहरूमा आकासे पानीको लागि छुट्टै निकास नहुनुका साथै घरबाट निस्किने फोहर पानीको निकास पनि एउटै ढल र सिमसार क्षेत्रहरू (Wetlands) मिचेर बस्ती बसाइँदा नदीको बहाव क्षेत्र साँघुरिनाले परिणाम स्वरूप छोटो समयमा परेको ठुलो वर्षा हुँदा बाढी बस्तीमा पस्नु ।
- नदी-खोलाको दायाँबायाँ निर्माण गरिएका रिटेनिङ पर्खाल (Retaining wall) को गलत डिजाइनले गर्दा पानीको बहाबको गति बढ्न जाने

सन्दर्भ : भक्तपुर नगरमा सहरी बाढी

भक्तपुर एउटा लामो इतिहास बोकेको प्राचीन नगर हो । भक्तपुर नगर मानिन्छ । यसका साथै ढल निकास प्रणालीको दृष्टिले पनि प्रभावकारी मानिन्छ । नगरको वर्सात्को पानी मात्र नभएर सम्पूर्ण निकास यही दुईवटा हनुमन्ते र कासाङ खुसी खोलामा मिसिन्छ ।

ईँटा छापिएका भक्तपुरको एउटा बाटो

करिब ३-४ दशकअगाडि भक्तपुरको सहरी क्षेत्रमा वर्सात्को समयमा पानी पर्दा सहजै बग्ने भएकोले खासै बाढीको समस्या नभएको भनाइ रहेको छ । यसो हुनुमा स्थानीय जल व्यवस्थापनको ज्ञान र प्रविधिको प्रयोगले गर्दा हुनसक्दछ । सडक बाटोहरूमा बाढीका समस्या कम गर्न वर्सात्को पानी सोस्ने (Recharge/percolation) का लागि नगरका विभिन्न स्थानमा पोखरी, जल कुण्ड, इनार, कुवाका साथै पर्याप्त खुला स्थानहरू बर्गैंचा, आगन, चोक, चौर आदिले भूमिगत जल भण्डारणको रूपमा काम गरेको देखिन्छ ।

अहिलेको अवस्थामा भक्तपुर नगर पनि सहरी बाढीबाट अछुतो रहन सकेन । माथि छलफल गरिए जस्तै भक्तपुरका पुराना नगर बस्तीहरूमा पनि वर्सात्को पानी सोस्ने बर्गैंचा, चोक, आगन, चौरजस्ता खुला क्षेत्र घट्दै जानु र घरधुरीको सङ्ख्या बढ्दै जाँदा भान्छा, बाथरुम र चर्पी आदिहरूमा पानीको बढ्दो प्रयोग भएको अवस्थामा विद्यमान ढल निकासको क्षमताले धान्न नसकेको वा बढी चाप भएको देखिन्छ । यसबाहेक सडक, बाटो, चोकहरू तथा विभिन्न पूर्वाधारहरूको निर्माण तथा पुनर्निर्माणमा ढुङ्गा, कङ्क्रिट ब्लक, कालोपत्रे तथा ढलानजस्ता सामग्रीहरूको अत्यधिक प्रयोगले गर्दा नगरमा बाढी आउनुको कारण हुन सक्दछ । हुन त ढुङ्गा तथा कङ्क्रिटजन्य निर्माण सामग्रीहरूले गर्मी याममा तापक्रम वृद्धि गर्न सहयोगी हुने भएकोले त्यस क्षेत्रमा बढी गर्मी महसुस हुने गर्दछ । नगरका पुराना घरहरूको प्लिन्थ लेवल (DPC/Plinth level) उचाइ बाटोभन्दा २' देखि ३' सम्म अग्ला हुन्थे तर अहिले नयाँ घरहरू निर्माण/पुनर्निर्माण गर्दा प्लिन्थ लेवल पहिलाको भन्दा होचो गरी बनाइएको



इटा छापिएका भक्तपुरको एउटा बाटो

भौगोलिक दृष्टिकोणले अग्लो जमिन (High ground) अर्थात् एक किसिमको डाँडा (Ridge) मा प्राचीन योजनाकार तथा निर्माणकर्ताहरूले योजनाबद्ध तरिकाले बस्ती बसाएको देखिन्छ । यस नगरको मानव बस्ती क्षेत्रलाई दक्षिण पूर्वमा हनुमन्ते र उत्तरमा कासाङ खुसी/खोलाको बाढीको पहुँचबाट सुरक्षित राख्न उच्च भागमा बसाइएको देखिन्छ जुन सहरी विकासको दृष्टिकोणले उत्कृष्ट देखिन्छ । यसले गर्दा क्षणिक परेको ठुलो वर्षाले पनि बाढी आएको देखिन्छ । यसका साथै वर्सात्को पानीको र घरबाट निस्किने फोहर पानी निकास एउटै ढल प्रणालीमा मिसिनाले ढल क्षमताले धान्न नसक्नाले सडक/बाटोमा बाढी आएको देखिन्छ ।

(लेखक हाल काठमाडौँ विश्वविद्यालयमा प्राविधिक परामर्शदाताको रूपमा कार्यरत हुनुहुन्छ ।)

नेपालभाषा साहित्य त:मुंज्या तथा सांस्कृतिक कार्यक्रम अझ व्यवस्थित होस्

यही कार्तिक ६ र ७ गते (कौलाथ्व द्वादशी व त्रयोदशी) दुई दिन ४६ औं नेपालभाषा साहित्य त:मुंज्या तथा सांस्कृतिक कार्यक्रम गोल्मढीमा भव्य रूपमा सम्पन्न भयो ।

काठमाडौं उपत्यकामा साहित्यिक कार्यक्रमहरू धेरै ठाउँमा हुने गर्छन् । तर, नेपालभाषा साहित्य त:मुंज्याजस्तो बृहत् र विभिन्न विषयका विज्ञहरूबाट आ-आफ्नो मातृभाषाबाट मन्तव्य र साहित्य वाचन हुँदैनन् । त:मुंज्याको डबलीमा देश विदेशमा घटेका घटना, परिघटना र साम्राज्यवादीहरूले अरु देशका खनिजहरू कब्जा गर्न कतै सैनिक हस्तक्षेप गरेको, कतै आर्थिक नाकाबन्दी गर्ने, कतै मैदान विद्रोह गराउने र कतै राष्ट्रपति र उनको जहानलाई डकैती शैलीमा अपहरण गरी लगेको विरोधमा आ-आफ्नो मन्तव्य दिने गरेको पाइन्छ । कथा, कविता, निबन्ध र गीतमार्फत देशमा भइरहेको अन्याय, अत्याचार, शोषण, दमन, भ्रष्टाचार र विदेशीको इसारामा शासन गर्ने दासहरूको विरोधमा पनि स्रोताहरू प्रशिक्षित हुने अवसर पाउने भएकोले त:मुंज्याको दबुलाई साहित्यिक दबुको रूपमा मात्र नलिई जनताले विश्वविद्यालयको रूपमा हेरेका छन् । जहाँ त्रि.वि., त्यहाँ सम्बन्धन प्राप्त क्याम्पस तथा अन्य विश्वविद्यालयहरूमा नपढाइने विषयहरूबारे पनि विज्ञहरूबाट स्रोताहरू प्रशिक्षित हुन्छन् । यस्तो महत्त्वपूर्ण बृहत् कार्यक्रम अझ बढी प्रभावकारी र व्यवस्थित होस् भन्ने ध्येयले व्यवस्थापनबारे केही सुझावहरू प्रस्तुत गर्न चाहन्छु ।

१. नेपालभाषा साहित्य त:मुंज्याको दबुमा विभिन्न विषयका विज्ञहरूबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिलगायतका विषयमा मन्तव्य दिनुका साथै इतिहासकार, पत्रकार, सीमाविद्, अर्थशास्त्री, डाक्टरहरूको साहित्य वाचन सुन्न नेवारहरू मात्र होइन गैरनेवारहरू पनि त:मुंज्याको कार्यक्रम हेर्न आउने गर्छन् । ती गैरनेवारहरूले नेपालभाषाबाट प्रस्तुत हुने कथा, कविता, गीत र विज्ञहरूको भाषण बुझाइदिने साथीहरूको बन्दोबस्त मिलाइदिए गैरनेवार स्रोताहरू अझ बढी प्रभावित हुने पुरानो अनुभव छ ।
२. काठमाडौंको टोखा, पाँगा, बलम्बु र काभ्रेको बनेपाबाट सांस्कृतिक टोलीहरू त:मुंज्यामा आउने गर्थे र भक्तपुरको बोडेसहित ठिमी र छालिडलगायत विभिन्न गाउँ ठाउँबाट सयौं स्रोताहरू आउने गर्थे । भक्तपुर जिल्लाबाहिरबाट आएका साथीहरूलाई दिउँसोको खाजा र नाचगान टोलीलाई रातिको खानाको लागि सम्बन्धित क्षेत्रमा कार्यरत साथीहरूलाई जिम्मा दिइन्थ्यो । काठमाडौंका विभिन्न ठाउँका सांस्कृतिक टोलीहरू मात्र सहभागी नभएको होइन, दिउँसोको कार्यक्रममा समेत सीमित साथीहरू आएको देखिन्छ । त्यस्तै बोडे, ठिमी, कटुञ्जे, ताथली छालिडलगायतका साथीहरू पनि सांस्कृतिक कार्यक्रममा सहभागी हुने कुरा त के दिउँसोको कार्यक्रममा समेत कम सङ्ख्यामा मात्र आएको देखिन्छ । यसबारे समीक्षा गर्नु आवश्यक छ ।
३. साहित्यकार, पत्रकार, प्राध्यापक, वकिल र राजनैतिक व्यक्तित्वहरूलाई निमन्त्रणा दिन जाने र त:मुंज्याको दिन आउने अतिथिहरूलाई अतिथि सत्कारको लागि एउटा टीम बनाएर जिम्मा लगाइन्थ्यो ।
४. त:मुंज्याको दिउँसो र रात्रिको सांस्कृतिक कार्यक्रममा सहभागीहरूको लागि कतै असुविधा र अप्ठ्यारो महसुस हुन नपाओस् र सकेसम्म सबै सहभागीहरूलाई असजिलो महसुस गर्न नदिन स्वयम्सेवक टोली गठन गरी तालिम दिने गर्थ्यो ।
५. नेपालभाषा साहित्य त:मुंज्याको मु:गुठीमा भेगीय सदस्यहरू पनि हुने हुनाले चारै भेगका साथीहरूको उपस्थिति बाक्लो हुन्थ्यो ।
६. सांस्कृतिक कार्यक्रममा प्रस्तुत हुने विभिन्न विधामा अहिले जस्तो पुरस्कारको व्यवस्था नभएको बेलामा पनि पाँगा, टोखा, बोडे, कटुञ्जे, गुण्डु, छालिड, ताथलीलगायतका ठाउँहरूबाट सांस्कृतिक विधाहरू देखाउन ल्याउँथ्यो । हरेक ठाउँमा सयौंको सङ्ख्यामा निमन्त्रण कार्डका साथै चन्दा पायड पनि पठाउँथ्यो । यसले गर्दा सबै क्षेत्रका साथीहरूमा त:मुंज्याप्रति अपनत्वको भावना भएको देखिन्थ्यो ।

माथि उल्लेखित सुझावहरू कुनै नयाँ होइन । त:मुंज्याको स्थापनाकालदेखि मु: गुठी र ग्वसाखलका साथीहरूबिच छलफल गरी पुरानो रेकर्डमा केही नयाँ साथीहरूसमेतको टीम बनाई जिम्मेवारी दिने गर्थ्यो । अब हुने त:मुंज्यामा माथिका सुझावहरू कार्यान्वयन भएमा सबैको अपनत्वको भावना फेरि जाग्नेछ र सुनमाथि सुगन्ध हुनेछ ।

- बी.एन., एक शुभचिन्तक

देशको अवस्थाबारे उब्जिएका प्रश्न

- 'अग्नी' महाकाव्यसमेत लेखेका साहित्यकार नवराज लम्सालले सार्वजनिक रूपमा "सिंहदरबार र सर्वोच्च अदालत डढेकोमा आपत्ति भएको तर त्यो डढाउनुको विकल्प पनि नभएको सत्य मान्नुपर्ने" दोहोरो अर्थ लाग्ने अभिव्यक्ति दिएको सार्वजनिक भयो । देशको वनजङ्गल र बाँकी सडक, पुल पनि डढाउनुको विकल्प नभएको भनी कसैले उपद्रव सुरू गरे भने त्यतिबेला उनको प्रतिक्रिया कस्तो होला ? बहुदलीय व्यवस्था पुन:स्थापनायता सरकारमा गएका दल र तिनका नेताहरूले भ्रष्टाचार अन्त्य र सुशासन कायम गर्न नसकेको सत्य हो । यसमा जो जो दोषी थिए उनीहरूमाथि कानुनी कारबाहीको लागि आवाज उठाउने कि सिंहदरबार र सर्वोच्च अदालत डढाउनुको विकल्प छैन भनेर उपद्रवको समर्थन गर्ने ? उपद्रवलाई समर्थन गर्नु मूर्खता हो भने व्यवस्थित सामाजिक परिवर्तनलाई समर्थन गर्नु सबैको हितमा हुनेछ । के साहित्यकारले सत्य कुरा बोल्ने र लेख्ने होइन ? सिंहदरबार र सर्वोच्च अदालत डढाउनेहरू पनि पुराना शासक दलहरूको नेतृत्वमा उपप्रधानमन्त्री र मन्त्री बन्न गएका होइनन् ? सरकारको नेतृत्वमा पुग्न सिंहदरबार र सर्वोच्च अदालत जलाउनुपर्ने भाष्य कसैले पनि दिनु हुँदैन । यसकारण, जनतामा यस्ता साहित्यकारको 'हृदय' कस्तो हो' भनी प्रश्न उठिरहेको छ । के कुनै पनि देशभक्त नेपालीले सिंहदरबार र सर्वोच्च अदालत जलाउनुलाई विकल्प ठान्न सक्छन् ? अहँ सक्दैनन् ।
- रास्वपाभित्र नेका, एमाले, माओवादीमा अवसर पाएर पनि नअघाएकाहरू घुसेको सार्वजनिक भइरहेकै हो । यसकारण, रास्वपा सरकारले मुलुकलाई सम्हाल्ने अवस्था नभएको बताइँदै छ । गत वर्ष भदौ २३ र २४ गतेको उपद्रवमा लागेकाहरूले स्थलबाटै 'आगजनी त गरियो नेतृत्व कसले लिने' भनी प्रश्न गरेको र उताबाट 'बालेन' भनी जवाफ दिएको मोबाइल फोन वार्ता पनि सार्वजनिक भएकै हो । 'जो आगोमा खेल्छ, आगोमै मर्छ' भन्ने उखान रास्वपालाई लागू नहुने कुनै कारण छ र ? छैन ।

अतिक्रमण...

विश्लेषकहरू भारतले नेपाललाई जहिल्यै परनिर्भर बनाउन चाहेको टिप्पणी गछन् । नेपाललाई परनिर्भर बनाउने काममा विदेशी दलालहरूको पनि ठुलो हात छ । यसबारे नेपाल सरकार सचेत हुनुपर्छ ।

भारतको थिचोमिचो भइरहेसम्म भारतीय शासक र विस्तारवादी नीतिको विरोध भइरहन्छ । नेपाल - भारतबिच असमान सन्धि सम्झौता खारेज गराउन नेपाली जनता लडिरहन्छन् । शक्ति राष्ट्रको अहङ्कार देखाएर नेपाल सरकारलाई भारतीय सरकारले नचाइरहेसम्म जनताको विरोध रोकिने छैन । तर, त्यो भारत र भारतीय जनताको विरोध होइन, भारतीय सरकारको गलत कार्य र विस्तारवादी नीतिको हो । भारतले नेपाललाई प्रत्यक्ष या अप्रत्यक्ष रूपमा बेलाबखत आर्थिक नाकाबन्दी गरेको थियो । भारतको सहमति या भारतको बाटोबिना नेपालले हातहतियार ल्याउन पाउँदैनथ्यो । भारतीय शासकहरूले नेपालका सत्तारुढ दलका नेता र सरकारलाई कहिले विकास योजना र कहिले आर्थिक सहयोग गरेर या सहयोगको पोको बाँडेर देशका प्राकृतिक स्रोत र साधन आफ्नो हातमा लिएकै हुन् । देशका उद्योगहरू बन्द गराएर भारतीय व्यापारी या उद्योगीहरूले ती उद्योग आफ्नो हातमा लिएकै हुन् । देशका उद्योग तथा कलकारखानाहरू विदेशीको हातमा परेपछि देशमा कसरी उत्पादन हुन्छ, कसरी राजस्व बढ्छ ? नेपाली भूमिलाई विदेशी शक्ति राष्ट्रहरूले कमाउने थलो बनाउन दिने हो कि देशका उद्योगी र व्यवसायीहरूलाई ?

हामीले भारतीय एकाधिकार पुँजीको विरोध गर्नैपर्छ । भारतीय एकाधिकारको पुँजीले गर्दा नेपालका उद्योगी व्यापारीहरूले आफ्नो पुँजी खेलाउन पाउने छैनन् । यसले देशको अर्थतन्त्र कमजोर हुन्छ । विकासमा बाधा पार्छ; जनताको जीवनस्तर बढ्दैन । देश र जनतामा आर्थिक समस्या बढ्छ । आर्थिक समस्या या अर्थतन्त्र कमजोर भएकै कारण सरकारले हरेक वर्ष देशको बजेट तयार गर्दा विदेशी राष्ट्रको सहयोगमा भरपर्नु परेको छ । विदेशी रकमको भरमा देशको बजेट चालू रहेसम्म देशले कसरी विकास गर्ने मौका पाउँछ ? देश विदेशी ऋणमा डुबेको छ । समाचार स्रोतअनुसार देशको ऋण ३० खर्ब पुगिसकेको छ । ३० खर्ब नाघिसकेको ऋण कहिले कसरी सरकारले तिर्ने ? असोज मसान्तसम्म तिर्न बाँकी ऋण बाह्यतर्फ १५ खर्ब ९८ अर्ब र आन्तरिकतर्फ १४ खर्ब १० अर्ब रहेको छ । विदेशी ऋणको भरमा बजेट बनाएर देशले कसरी विकास गर्छ ? प्रत्येक वर्ष ब्याज मात्र तिरेर के देशले मुलुक धान्न सक्छ ? के वैदेशिक लगानी प्रतिबद्धताले देश समृद्ध हुन्छ ? वैदेशिक लगानी प्रतिबद्धताको चाङ लगाएर हामीले कसरी सन्तोषको सास फेर्ने ? व्यवसायमा लगानी गर्न विदेशीलाई होइन स्वदेशीलाई प्राथमिकता दिनुपर्छ । विकासको पूर्वाधार तयार नभएसम्म देश आत्मनिर्भर हुनेछैन; देश समृद्ध र नेपाली जनता सुखी हुने छैनन् ।

चिकपाले...

झाडले भ्रष्टाचारविरुद्धको लडाइँमा दृढतापूर्वक विजयी हुने भनी महाधिवेशनमा गरिएको व्यवस्थाअनुसार अख्तियारले जित्ने बताउनुभयो । "यो एक लडाइँ हो जुन हामीले हराउन सक्दैनौं र कहिल्यै हार्नुहुँदैन ।"

बैठकले अधिकारीहरूको छनोट र नियुक्ति गर्न, उनीहरूलाई कार्यसम्पादनको सही दृष्टिकोणमा पालनपोषण र कार्य गर्न प्रेरित गर्न, कर्तव्यहरू पूरा गर्न र नयाँ आधार तोड्न उनीहरूको क्षमता अभिवृद्धि गर्न लक्षित, राम्रोसँग डिजाइन गरिएका उपायहरू लिने वाचा गरेको थियो ।

चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको सङ्गठन विभागका उपप्रमुख ह्वाङ जियान्फाले पत्रकार सम्मेलनमा भन्नुभयो कि कडा अनुशासनले पहललाई बाधा पुऱ्याउने वा अधिकारीहरूको कामलाई बाधा पुऱ्याउने उद्देश्यले होइन ।

"बरु, यसले स्पष्ट दिशा निर्धारण गर्न, नियमहरू लागू गर्न, राम्रो आचरण प्रवर्द्धन गर्न र भ्रष्टाचारविरुद्धको सुरक्षा, स्वच्छ राजनीतिक वातावरणलाई बढावा दिन र अधिकारीहरूलाई उनीहरूको काममा पहल गर्न सक्षम बनाउन खोज्छ", उहाँले भन्नुभयो ।

सङ्कल्पले नियमको अगाडि सबै समान छन्, कसैलाई पनि विशेषाधिकार प्राप्त हुँदैन र तिनीहरूको कार्यान्वयनमा कुनै अपवादको अनुमति छैन भन्ने कुरामा जोड दिइएको छ, चिकपा केन्द्रीय समितिको पार्टी स्कूलका उपाध्यक्ष भी चुन्ताओले भन्नुभयो ।

यसले पार्टी सङ्गठनहरू, सदस्यहरू र अधिकारीहरूको कामको प्रत्येक चरणमा कार्यान्वयन र निरीक्षणलाई एकीकृत गर्न पनि आह्वान गर्दछ, संस्थागत नियमहरू सधैं आधिकारिक र हरेक तहमा प्रभावकारी रहेको सुनिश्चित गर्दै, झीले पत्रकार सम्मेलनमा भन्नुभयो ।

पूर्ण र कठोर पार्टी स्वशासन

पूर्ण र कठोर पार्टी स्वशासनका साथ दृढताका लागि पूर्ण बैठकले व्यवस्थित योजनाहरू बनाएको थियो ।

पार्टी भावनालाई सुदृढ गर्ने, आचरणमा सुधार र अनुशासनमा कडाइ गर्ने, भ्रष्टाचारविरुद्ध दृढ र समन्वयात्मक कारबाही गर्ने, पार्टीलाई प्रणाली र नियमका साथ चलाउने र पार्टी र राज्यको निरीक्षण प्रणालीलाई परिष्कृत गर्ने मुख्य प्राथमिकताहरू हुन् ।

दस करोडभन्दा बढी सदस्यहरू भएको पार्टीले १९२१ मा स्थापना भएदेखि नै आफ्नै भवनलाई ठुलो महत्त्व दिएको छ, चिकपा केन्द्रीय समितिका सदस्य तथा चिकपा केन्द्रीय समितिको अन्तर्राष्ट्रिय विभागका प्रमुख लिउ हाइक्सिङले भन्नुभयो ।

उहाँले अगाडि भन्नुभयो, "१०५ वर्षदेखि पार्टीका सदस्यहरूले पार्टी निर्माणलाई एक महान् परियोजनाको रूपमा व्यवहार गर्दै आएका छन्, एकपछि अर्को पुस्तालाई अगाडि बढाउँदै - पार्टीलाई आजको महान्, गौरवशाली र सही पार्टीका रूपमा निर्माण र संवर्द्धन गरेका छन् ।

"पार्टीले मार्क्सवादको बलियो जीवन्तता देखाउँछ", उहाँले भन्नुभयो ।

एक शताब्दीमा नदेखिएका गहिरो परिवर्तनहरू विश्वभरि गतिमा भइरहेको बेला, विश्वभरका राजनीतिक दलहरूले नयाँ मुद्दा र चुनौतीहरूको स्ट्रिमको सामना गरिरहेका छन् ।

"धेरै राजनीतिक दलहरूले सन्दर्भको लागि बाटो र समाधान खोज्ने आशामा हामीतिर आँखा फर्काइरहेका छन्", लिउले भन्नुभयो ।

उहाँले अगाडि टिप्पणी गर्नुभयो, "चिकपाले क्रान्ति, विकास र सुधारको अवधिमा सञ्चित गरेको बहुमूल्य अनुभवलाई प्रमाणित गर्दछ - जुन अनुभव विश्वभरका प्रगतिशील शक्तिहरूले आकर्षित गर्न सक्छन् ।"

चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको समाज कार्य विभागका प्रमुख वु हान्सेङले उदीयमान क्षेत्रमा पार्टी निर्माणको महत्त्वलाई जोड दिनुभयो ।

वुको विभागले यी क्षेत्रहरूमा पार्टी सङ्गठनहरूको क्षेत्र विस्तार गर्न, पार्टी निर्माणलाई बलियो बनाउन र नयाँ प्रकारका रोजगारीहरूमा मानिसहरूका लागि सेवा र व्यवस्थापन सुधार गर्न काम गर्नेछ ।

इन्टरनेट प्लेटफर्महरूमा निर्मित, रोजगारीका नयाँ रूपहरूले अब देशव्यापी रूपमा करिब ८४ मिलियन कामदारहरूलाई संलग्न गर्दछ, जसमा कुरियरहरू, सवारी-हेलिङ ड्राइभरहरू र ई-कमर्स कार्यकर्ताहरू समावेश छन् ।

पूर्व चीनको जियाङसु प्रान्तको लिआनयुङ्गाङ सहरको सिजिडाङ गाउँका पार्टी प्रमुख झोङ बैजुनले गैरमतदान सहभागीको रूपमा बैठकमा भाग लिएर आफूले नेतृत्व गर्ने समुदायका लागि बैठकको पछिल्लो प्रबन्धको अर्थ सूक्ष्म स्तरमा शक्तिलाई नियन्त्रणमा राख्नुपर्छ, मामिलाहरू निष्पक्ष रूपमा व्यवस्थित हुनुपर्छ र मानिसहरूलाई नजिकबाट नियाल्नुपर्छ ।

इमानदारिता र स्वच्छ प्रशासनका साथ जनताको विश्वास जित्ने लक्ष्य रहेको उहाँले बताउनुभयो ।

"तपाईंले एकपटक उखेल्नुभएको कारणले झार बढ्न रोक्दैन, पार्टीको पूर्ण र कठोर स्वशासनको लागि पनि यही हो" झोङले भन्नुभयो, ।

चीनको...

साहित्यिक गतिविधि सञ्चालन भइरहेको जानकारी दिँदै उहाँले लु सुन चीनका मात्र नभई विश्वकै प्रसिद्ध साहित्यकार भएको बताउनुभयो ।

लु सुनका रचनाबाट सङ्घर्षशीलता र निर्णय क्षमता विकास गर्न सिक्न सकिने उल्लेख गर्दै उहाँले विदेशी मित्रहरूले समेत लु सुनका साहित्य पढेर आफूलाई बुझ्ने र आत्ममूल्याङ्कन गर्ने गरेको बताउनुभयो । भक्तपुरमा लु सुनसम्बन्धी गतिविधिहरू हुँदै आएको जानकारी पाउँदा खुसी लागेको बताउँदै उहाँले लु सुनकै कारण आजको भेट सम्भव भएको उल्लेख गर्दै आगामी दिनमा पनि सहकार्यलाई निरन्तरता दिँदै भक्तपुरका साहित्यकारहरूसँग सम्बन्ध विस्तार गर्ने इच्छा व्यक्त गर्नुभयो ।

सोही क्रममा देवकोटा लु सुन एकेडेमी अध्यक्ष सुनिलकुमार पौडेलले भक्तपुरसँगको पुरानो सम्बन्ध स्मरण गर्दै उहाँले २०६८ सालमा स्थापित देवकोटा-लु सुन एकेडेमीले साहित्यका माध्यमबाट नेपालमा लु सुन र चीनमा देवकोटालाई चिनाउने कार्य गर्दै आएको बताउनुभयो ।

देवकोटा र लु सुनका साहित्यिक कृतिहरू अनुवाद गर्ने अनुवादकहरूलाई समेत पुरस्कृत गर्दै आएको उल्लेख गर्दै उहाँले एकेडेमी भक्तपुरसँग सहकार्य गरी अघि बढ्न तयार रहेको बताउनुभयो ।

भेटमा लु सुन सांस्कृतिक प्रतिष्ठानका उपमहासचिव छयु जियाङलिङ र सहायक झोउ जिङसुआन, चिनियाँ सामाजिक विज्ञान प्रतिष्ठानअन्तर्गत साहित्य संस्थानका उपनिर्देशक झाङ झोङगाङ, अनुसन्धान अध्येताहरू छेङ काई, तान जिया र ली ना, सहप्राध्यापक अनुसन्धान अध्येता झेङ हाइजुआन तथा अनुसन्धानकर्ता छाओ वेइपिङको उपस्थिति रहेको थियो ।

त्यसैगरी, शाओशिङ विश्वविद्यालयको अन्तर्राष्ट्रिय आदानप्रदान तथा सहकार्य कार्यालयका निर्देशक लिङहु वेन्शेङ, लु सुन मानविकी विश्वविद्यालयका प्राध्यापक गु दायोङ र याङ सिन, शाओशिङ स्टोमाटोलोजिकल अस्पतालका चिकित्सक झुओ जोङलियाङ, वरिष्ठ साझेदार लु लिपिङ, व्यवस्थापक जियाङ छाओ तथा वरिष्ठ साझेदार छेन छेन र छाओ फाङ्युआन पनि भेटमा सहभागी हुनुहुन्छ । साथै उक्त भेटघाट कार्यक्रममा देवकोटा- लु सुन एकेडेमीका प्रतिनिधिहरूको पनि उपस्थिति रहेको थियो ।

नगर प्रमुख प्रजापतिले लु सुन सांस्कृतिक प्रतिष्ठानका महासचिव चउ लिङफेईसहितको टोलीलाई मयुरको भ्र्याल र नपाका प्रकाशनहरू उपहारस्वरुप प्रदान गर्नुभयो ।

प्रतिनिधिमण्डलले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित खप इन्जिनियरिङ कलेज, खप कलेज अफ इन्जिनियरिङ र खप अस्पतालको अवलोकन भ्रमण तथा भक्तपुरका सांस्कृतिक तथा ऐतिहासिक विश्व सम्पदा स्थलहरूको अवलोकन भ्रमण गऱ्यो ।

पशु वधशाला र मासु जाँच सम्बन्धी सूचना

"उपभोक्तालाई स्वस्थ मासु उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारबाट २०८३ मंसिर १ गतेदेखि काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्लाका सबै स्थानीय तहहरुमा, २०८३ माघ १ गतेदेखि बाँकी सबै नगरपालिकाहरुमा र २०८४ साउन १ गतेदेखि देशैभरी पशु वधशाला र मासु जाँच ऐन, २०५५ लागु हुने गरी राजपत्रमा सूचना प्रकाशन भएको हुँदा ऐन कार्यान्वयनमा मासु व्यवसायी लगायत सम्पूर्ण सरोकारवालाहरुको सहयोगका लागि हार्दिक अनुरोध छ" ।

मासु मात्र हैन, स्वस्थ मासु खोजौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा